# गुल्मी जिल्लाको छत्रकोटगाउँपालिकामा प्रचलित लोककथाको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
द्वितीय वर्षको दसौं पत्रको ५० अङ्कको
प्रयोजनको लागि
प्रस्तुत

अध्ययनपत्र

प्रस्तुतकर्ता
सन्जु कणेल
त्रि.विदर्ता नं. : ६-१-४०-११९४-२००४
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७५

# कृतज्ञता ज्ञापन

**गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका मा प्रचलित लोककथाको अध्ययन** शीर्षकको प्रस्तुतअध्ययनकार्य मैले मेरो श्रद्धेय गुरु प्रा.डा. खगेन्द्रप्रसाद लुइटेलज्यूको निर्देशनमातयार पारेकीहुँ । यो शोधकार्य पूरा नहुन्जेलसम्मको समयावधिमामलाई दिनुभएको सल्लाह, सुझाव, निर्देशन र हौसलाप्रति म उहाँलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यो शोधकार्यकालागि स्वीकृत प्रदानगरिदिनु हुने नेपाल केन्द्रीयविभागकाविभागीयप्रमुखप्रा.डा. देवीप्रसादगौतमज्यूप्रतिपनिहार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मैले यो अध्ययनपत्रतयार पार्ने सन्दर्भमागुल्मीदिगाम छत्रकोट गाउँपालिका ४ क्षेत्रकालोककथासँग सम्बद्ध सूचकहरूको महत्त्वपूर्ण भूमिका रहेको छ ।उहाँहरूको सहयोगले नै प्रस्तुतअध्ययनपत्रले मूर्त रुप लिन सम्भवभएको हो । यासका साथै प्रस्तुतअध्ययनपत्रको सैद्धान्तिक स्वरुपतयार पार्ने क्रममाप्रयोग गरिएकालोककथासँग सम्बन्धितविषयवस्तुका लेखकलाई पनि म धन्यवाददिन चाहन्छु । अध्ययनपत्रतयार पार्नकालागि पुस्तक, पत्रपत्रिका, अध्ययनपत्रआदिउपलब्ध गराई सन्दर्भ सामग्री सङ्कलनगर्न सहयोग गर्ने त्रि.वि. केन्द्रीय पुस्तकालय, संघसंस्थातथा साथीभाइहरूमाहार्दिक आभार व्यक्तगर्दछु ।

अन्त्यमा मेरो अध्ययनपत्रतयार गर्नकालागि लेखन र टङ्कन कार्यमाअथक परिश्रम गरी सहयोग पुर्‍याउने निर्मलामहर्जनप्रति स-प्रेम धन्यवाददिन चाहन्छु ।

सन्जु कणेल

# विषयसूची

## पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय


१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ अध्ययनपत्रको औचित्य र महत्व ४

१.६ अध्ययनको सिमाङ्कन ५

१.७ अध्ययनविधि ५

१.७.१क्षेत्रगत भ्रमण ५

१.७.२द्वितीयक स्रोत ६

१.८ अध्ययनपत्रको रूपरेखा ६


## दोस्रो परिच्छेद

## गुल्मीजिल्लाको छत्रकोटगाउँपालिका क्षेत्रको परिचय


२.१ गुल्मीजिल्लाको परिचय ७


## तेस्रो परिच्छेद

## गुल्मीजिल्लाको छत्रकोटगाउँपालिकामाप्रचलितलोककथाको संकलन


३.१ नभाइ न पोइ १४

३.२ टुहरी र सौतेनीआमाको कथा २२

३.३ बुढी बाध्ने साङ्लो २३

३.४ सुन्केसरी मैया २४

३.५ लाटो र बाठो २५


## चौथो परिच्छेद

## गुल्मीजिल्लाको छत्रकोटगाउँपालिकामाप्रचलितलोककथाको विश्लेषण


४.१ विषयपरिचय २९

४.२ लोककथाको संकलन २९

४.२.१ नभाइ न पोइ ३०

४.२.२ टुहुरी र सौतेनीआमालोककथाको विश्लेषण ३२

४.२.३ बुढी बाँध्ने साङ्लो लोककथाको विश्लेषण ३४

४.२.४सुन्केसरा मैयाँ ३६

४.२.५ लाटो र बाठो ३८

**पाँचौ परिच्छेद**

**सारांशतथानिष्कर्ष**

५.१ सारांश ४२

५.२ निष्कर्ष ४३

**सन्दर्भ सामग्रीसूची**

# पहिलो परिच्छेद

# अध्ययनक्षेत्रको परिचय

## १.१ विषयपरिचय

लोककथा भन्नाले सामान्य अर्थमा लोकको कथा भन्ने जनाउँछ । लोक कथाको प्रचलन कहिलेबाट भएको हो भन्नेबारेमा तथ्य कुराको जानकारी नभएता पनि मानिसको उत्पत्तिसँगै आएको हो कि भन्ने अड्कल काट्न सकिन्छ ।

लोककथा लोकसाहित्यको अत्यन्त प्राचीन र लोकप्रिय विधा हो । जसको अस्तित्व संसारभरि नै व्याप्त छ । संसारका सबै भाषा जात जाति क्षेत्र र स्थानमा लोककथाको अस्तित्व पाइन्छ । त्यसकारण लोककथा सुन्ने र सुनाउने प्रचलन मान सभ्यताको प्राथमिक कालदेखि प्रारम्भ भई हालसम्म कायम रहेको देखिन्छ ।

नेपालमा लोककथाले नेपाली जाति, संस्कृति, धर्म आदिको ऐतिहासिक रेखाङ्कन र सीमाङकन गर्ने काम गरेको छन् । लोककथा सुन्न र भन्न खास कुनै औपचारिक अवसर र स्थल आवश्यक पर्दैन तापनि नेपाली लोककथा बेलुका आगो ताप्दै वा खानपिन पछिको बसाइमा भन्ने र सुन्ने गरिन्छ । केटाकेटीलाई सुताउन वा फुल्याउन वा भुलाउन पनि रोचक रोचक लोककथा बूढा पाकाले सुनाउने गर्दछन ।

नेपाली लोककथाले लोकजीवनलाई वौद्धिक ज्ञान, मनोरञ्जन, दया, माया, धैर्य, उत्साह, सान्त्वना, वीरता, उपदेश, क्षणिक आनन्द मानसिक र शारीरिक फूर्ती समेत दिन्छ । मूलतः नेपाली लोककथालाई लोकवासीलाई मनोरञ्जन दिँदै मानसिक सन्तुष्टि प्रदान गर्दछन् । यस प्रकारको महत्वपूर्ण र लोकप्रिय विद्याको उत्पत्ति सम्बन्धी विभिन्न विद्वानहरूले आ-आफ्ना सिद्धान्त प्रस्तुत गरेका छन् । तापनि केही महत्वपूर्ण परिभाषलाई यहाँ लिने प्रयास गरिएको छ ।

लोककथाको विभिन्न परिभाषालाई लिएर लोककथा के हो भन्ने बारेमा जानकारी लिन सकिन्छ । यहाँ विभिन्न विद्वानका भनाइ मध्ये केही महत्वपूर्ण विद्वानका परिभाषालाई लिइएको छ ।

यसरी लोक जीवनमा मौखिक परम्परा हस्तान्तरित हुँदै आएका कथाहरू नै लोक कथा हुन् । एउटाले भन्ने र अरुले सुन्ने चलन भएकाले यस्ता कथालाई भन्नेकथा भनि भनिन्छ । लोककथा शब्दको प्रचलन लोकसाहित्यका धारणाको विकास पछि भएको हो ।

## १.२ समस्याकथन

समस्या भएकै विषयवस्तुमा नै अनुसन्धान गरिन्छ । कुनै पनि अनुसन्धानको विषयवस्तुले यस अनुसन्धानको समस्या हो । लोककथा नेपाली लोक साहित्यको प्रमुख विधा हो । लोककथाले नेपाली लोकसाहित्यलाई स्वस्थ पूर्ण र जीवन्त बनाइ राख्दछ । यसको उचित संरक्षण एवम् सम्बर्द्धनका लागि देशका प्रत्येक, गाउँ, क्षेत्र, समुदाय एवम् कुना काप्चा, वस्ति, वस्ती, टोलटोलबाट लोककथाहरू अध्ययन, अनुसन्धान र सङ्कलन गरिनु अति आवश्यक छ ।

गुल्मी जिल्ला विभिन्न धर्म, संस्कृति, रीतिरिवाज परम्परा अन्धविश्वास, धामी, झाक्री, झार फुक जस्त कुराहरूमा विश्वास, राख्ने विभिन्न जातजातिहरूको आश्रय स्थल हो । यहाँको लोकजीवनमा बेलाबखतमा अभिव्यक्त हुँदै आएका विविध किम्वदन्ति, जनश्रुति र रोचक कथा वा कहानीहरूले गर्दा नेपाली लोकसाहित्यको लोककथाको लागि गुल्मी जिल्लाको छत्रकोट, दिगाम गाउँपालिका वडा नं. र वरपर रहेका गाउँहरूलाई लिइने छ । गुल्मी जिल्लामा अवस्थित छत्रकोट गाउँपालिकामा छरिएर रहेका नेपाली लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषण गर्ने प्रस्तुत अध्ययन पत्रको समस्या रहेको छ । यस अध्ययन पत्रमा निम्न लिखित समस्याहरूलाई बुँदागत रूपमा देखाइएको छ ।

(१) गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा के-कस्ता लोककथाहरू प्रचलित छन् ?

(२) गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको विधातात्विक आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

कुनैपनि अध्ययनपत्रको उद्देश्य शीर्षकसँग सम्बन्धित समस्याहरूको प्रमाणिक प्राज्ञिक समाधान प्राप्त गर्नु हो । अध्ययनपत्रले अध्ययनकर्तालाई अध्ययनपत्रका लागि स्पष्ट बाटो देखाउँछ । अध्ययनपत्रको उद्देश्य अध्ययनपत्रमा आधारित हुने भएकोले यसैको आधारमा उद्देश्य निर्धारण गरिन्छ । विभिन्न जिल्ला अनुसार लोककथाहरू फरक फरक रहेको पाइन्छ । तिनको सङ्कलन, वर्गीकरण गर्नु र विभिन्न कोणबाट अध्ययन गर्नुपर्ने हुन्छ । समाजमा यी लोककथामा विभिन्न जिल्लाको भाषिक, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक एवम् ऐतिहासिक शब्दचित्र उर्तान सक्ने क्षमता रहेको हुन्छ । यसकारण लोककथाहरू थोरै मात्रामा सङ्कलित भएको देखिन्छ ।

प्रस्तुत अध्ययनपत्रको उद्देश्य गुल्मी जिल्लामा अवस्थित छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको सङ्कलन, अध्ययन र वर्गीकरण गर्नु हो । यसै समस्यालाई केन्द्रविन्दु बनाएर उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् ।

(१) छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाहरूको सङ्कलन तथा वर्गीकरण गर्नु ।

(२) छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाहरूका आधारमा विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

अध्ययनको सिलसिलामा सम्बन्धित विषय र यसअघि सम्पन्न गरिएका कार्यहरूको व्यवस्थित रूपमा अध्ययन गरी ती सबै कार्यको क्रमबद्ध समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाबाट अध्ययन पत्र तयार गर्दा आफूले चाहेको विषयमा यसपूर्व के कति अध्ययन, खोज, अनुसन्धान तथा प्रकाशन कार्य भएका छन् भन्ने कुराको जानकारी प्राप्त गर्न सकिन्छ ।

नेपाली लोककथा प्राचीन, भौगोलिक विधा हो । समाजको प्रकृति अनुसार लोककथाको मौलिकपन फरक-फरक भएको पाइन्छ । गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित नेपाली लोककथाको अध्ययन अनुसन्धान समग्र रूपमा अहिलेसम्म भएको पाइदैन । यस भेगका लोककथाको अध्ययन, अनुसन्धान समग्र रूपमा अहिले सम्म भएको पाइदैन । लोक साहित्यले विविधता बोकेको हाम्रो देशमा जातिगत, भाषागत, स्थलगत, भाषिकगत, भेद-उपभेदगत भिन्नता पाइन्छ । ती सबैको अध्ययन र अनुसन्धान पूर्व रूपमा हुन बाँकी नै छ । यसकारण गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको विषयमा सङ्कलन अध्ययन र विश्लेषण गर्न सहयोग पुऱ्याउने छ ।

चुणामणि बन्धु "नेपाली लोकसाहित्य"(२०६६/७२ एकता बुक्स प्रा.लि.)कृतिमा कथा, किंवदन्तीहरू, परिकथा,नीतिकथाहरूको परिचय, परिभाषा,बिशेषता,उत्पतिबारेउल्लेखगरिएको छ ।

कृष्णप्रसाद आचार्यले "लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध" (२०६८ क्षितिज प्रकाशन) पुस्तमा लोककथाको परिचय, परिभाषा, स्वरूप विशेषता र विविध लोककथाको संक्षेपमा विवेचना गरेका छन् ।

नेपाल अधिराज्यका विभिन्न जाति र स्थानका लोककथाहरू समावेश भएपनि गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा रहेका कथाहरूको अध्ययन हालसम्म भएको छैन ।

यसरी हेर्दा गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाहरूलाई सङ्कलन गरी अध्ययन तथा विश्लेषण गरिने हुँदा यस अध्ययनका लागि अघिका पूर्वकार्यले सैद्धान्तिक सन्दर्भमा मार्ग स्पष्ट पनिमा दुइमत छैन ।

## १.५ अध्ययनपत्रको औचित्य र महत्त्व

लोककथा साहित्यमा विविध विधाहरूमध्ये एक महत्त्वपूर्ण गद्य विधा हो । लोककथा लोकजीवनमा आधारित छ । लोककथाको अध्ययन तथा अनुसन्धानका यसले सहयोग पुऱ्याउँछ । नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्ने विभिन्न जातजाति,

भाषाभाषीका अतिरिक्त अन्य लोकभाषा प्रयोग गर्ने जनताहरूलाई अध्ययन गर्न सहयोग पुऱ्याउँछ । लोककथा पढ्ने विद्यार्थी पढाउने प्राध्यापकहरूलाई त्यसको बारेमा अनुसन्धान गर्न चाहनेहरूलाई मद्दत पुऱ्याउँछ । लोककथाले आम जनमानसमा मनोरञ्जन प्रदान गर्नुका साथै सृजनात्मक सीपको विकासमा सहयोग पुऱ्याउने भएकोले यसको औचित्य महत्त्व र उपयोगिता रहेको स्पष्ट हुने आउँछ ।

गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित नेपाली लोककथाको अध्ययनले त्यहाँको जनजिब्रोलाई समेट्ने गरी सङ्कलन, वर्गीकरण र विश्लेषण गर्नुका साथै त्यस क्षेत्रको सामाजिक, सांस्कृतिक, र लोकविश्वलाई जानकारी पाउन उचित र महत्त्वपूण सहयोग पुऱ्याउने हुँदा यसको मह महत्त्व तथा औचित्य रहेको छ भन्दा अनियुक्ति नहोला ।

## १.६ अध्ययनकोसीमाङ्कन

अध्ययनका सिलसिलामा निर्धारित शीर्षक अन्तर्गत कुन कुन पक्षको अध्ययन गर्ने हो सोको किटानी गर्नुलाई अध्ययन कार्यको सीमा भनिन्छ । अध्ययनका क्रममा सम्पूर्ण पक्षहरूलाई समेट्न कठिनाई पर्ने हुँदा अध्ययनको व्याकपता र गहिराईलाई सीमित गर्नुपर्ने हुन्छ । त्यसकारण गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाको कथाहरूलाई अध्ययनका रूपमा लिइनेछ । छत्रकोट गाउँपालिकामा विभिन्न धर्म, संस्कृति, रीतिरिवाज र परम्परा आदिमा विश्वास गर्ने बहुभाषिक जनजातिहरूको बसोबास भएको गाउँपालिका हो । यस अध्ययन पत्रमा केवल नेपाली मातृभाषाको रूपमा रहेका विषयवस्तु वा छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाहरूलाई प्रस्तुत अध्ययन पक्षमा प्रस्तुत गरी लोककथाको आधारमा अध्ययन गरिएको छ ।

## १.७ अध्ययन विधि

कुनै पनि अनुसन्धानात्मक कार्यलाई प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि विभिन्न किसिमका सामग्री तथा अध्ययन विधिहरूको अवलम्बन गर्नुपर्दछ । अध्ययन विधिले अनुसन्धानमा लगाम लगाउने कार्य गर्दछ । जसले अनुसन्धान कर्तालाई निश्चित उद्देश्य प्राप्ति र निष्कर्षमा पुऱ्याउन महत्त्वपूर्ण भूमिका खेल्दछ । लोककथा कथ्य,श्रव्य समाजमा रहने हुँदा सो अध्यनार्थ आवश्यक सामग्री सङ्कलनको प्रमुख स्रोत स्थलगत भ्रमण रहनेछ भने सैद्धान्तिक अध्ययनका लागि सम्बन्धित पाठ्यपुस्तक अध्ययनपत्रलाई लिइनेछ । त्यसको आधारमा सामग्रीको विश्लेषण गरिएको छ । सामग्रीलाई प्राथमिक स्रोत र द्वितीयक स्रोतका रूपमा हेर्न सकिन्छ ।

### १.७.१ क्षेत्रगत भ्रमण

प्रस्तावित अध्ययनपत्र गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको अध्ययन भएकोले गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकाको क्षेत्रगत भ्रमणलाई लिइएको छ ।

### १.७.२ द्वितीयक स्रोत

प्रस्तावित अध्ययन पत्रमा द्वितीयक स्रोतका रूपमा अध्ययन पत्रसँग सम्बन्धित लोककथा वा लोकसाहित्यका पाठ्यपुस्तक र अध्ययनपत्र गुल्मी जिल्लाको परिचयको लागि website लाई सहयोगका रूपमा लिइएको छ ।

अनेक रितिरिवाज र परम्परा आदिमा विश्वास गर्ने बहुभाषिक जातजातिहरूका प्रमुख क्षेत्र, बस्ती, टोल-टोलमा पुगी लोककथामा अभिरुचि लिने बुढापाका तथा अनुभवी शिक्षित, अशिक्षित महिला, पुरुष युवा युवतीहरू आदिलाई सूचकका रूपमा लिई सामग्री सङ्कलन गरिएको छ । त्यस्तै सामग्री सङ्कलन एवम् अध्ययनको सहायक स्रोतका रूपमा पुस्तकालयीय अध्ययन विधिलाई उपयोग गरिएको छ ।

## १.९ अध्ययनपत्रको रूपरेखा

गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित नेपाली लोककथाको अध्ययन शीर्षकको प्रस्तुत अध्ययन पत्रलाई वस्तुनिष्ठ तथा सुव्यवस्थित बनाउन निम्न लिखित पाँच अध्यायमा विभाजन गरी त्यस अन्तर्गत विभिन्न शीर्षक उपशीर्षक दिई तयार पारिएको छ ।

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका क्षेत्रकोपरिचय

तेस्रो परिच्छेद : गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलितलोककथाकोसंकलन

चौथो परिच्छेद : गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको विश्लेषण

पाँचौ परिच्छेद : सारांश तथा निष्कर्ष

सन्दर्भ सामग्रीसूची

## दोस्रो परिच्छेद

# गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका क्षेत्रको परिचय

## २.१ गुल्मी जिल्लाको परिचय

नेपाल अधिराज्यको पाँच विकास क्षेत्र वा सात प्रदेश मध्ये पश्चिमाञ्चल विकास क्षेत्र वा प्रदेश नं. पाँच अन्तर्गत शान्तिका दूत भगवान गौतम बुद्धको जन्मथलोको रूपमा विश्वमा परिचित लुम्बिनी अञ्चलका छ जिल्ला वा प्रदेश नं. पाँचका १२ वटा जिल्लाहरू मध्ये गुल्मी पनि एक हो । यो करिब १,१४९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस जिल्लाको पूर्वमा पाल्पा, स्याङ्जा, नवलपरासी, रूपन्देही, पश्चिममा, प्युठान, उत्तरमा बाग्लुङ र दक्षिणमा अर्खाखाँची जिल्ला रहेको छ ।

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको छ । यस जिल्ला सामुन्द्रिक सतहबाट लिंदा १००० मिटरदेखि २०००, मिटरसम्मको उचाइमा अवस्थित रहेको छ । गुल्मी जिल्ला भौगोलिक रूपमा सम्पन्न एवम् भिन्न पहिचान बोकेको जिल्ला हो । यस जिल्लामा प्रचलित धार्मिक स्थल रुरु र रेसुङ्गा जस्ता मठमन्दिर पर्यटकीय स्थल आदि रहेका छन् । यस क्षेत्रमा मानव बसोबासका लागि उपयुक्त मौसम रहेको छ । यो जिल्ला पहाडी भू-भागमा पर्दछ । प्रशासकीय रूपमा २ वटा नगरपालिका, ७९ गा.वि.स. २ वटा निर्वाचन क्षेत्रमा विभाजन गरिएको छ । यस क्षेत्रमा विविध जातजातिको बसोबास भएकोले फरक-फरक धर्म र संस्कृति पाइन्छ । गुल्मी जिल्लामा छत्रदेवीको मन्दिर, ऋषी केशको मन्दिर, राधाकृष्णको मन्दिर, शिवालयको मन्दिर, आदि धार्मिक स्थलहरू रहेका छन् । यसका अधिकांश मानिसहरू हिन्दू धर्म मान्दछन् । गुल्मी जिल्लामा मुख्यतः ब्राह्मण, क्षेत्री, मगर, कामी, दमाई, सार्की, नेवार, आदि जातका मानिसहरूले बसोबास रहेको छ । यिनै जातिको जातिगत पहिचान, परिवेश रीतिरिवाज, संस्कृतिसँग सम्बन्धित मौखिक परम्परामा विकसित भएका लोककथाहरूको सङ्कलन, अध्ययन र विश्लेषणसँग अध्ययनपत्र सम्बन्धित रहेको छ ।

प्रायः सबै गाविसमा कच्ची बाटो तथा सञ्चारको सुविधा छ । विद्यालय सङ्ख्या ६१४ छन् । विद्यालय संस्थाको आधारमा राष्ट्रिय अवस्थासँग तुलना गर्दा १२ औं ठूलो जिल्लाको रूपमा पर्दछ । धार्मिक रूपमा हिन्दू धर्मको बाहुल्यता छ । यस जिल्लाको साक्षरता दर ७२.६% छ ।(https://en.wikipedia.org/wiki/Gulmi_District)

जिल्लाको प्राथमिक तहको खुद भर्ना दर ९८%रहेको छ ।तथापि बोटे, कुमाल र दलित शिक्षामा सहभागिता कमजोर मानिन्छ । अङ्ग्रेजी माध्यमको पढाईको लागि अभिभावकहरूले उत्कृष्ट चाहना राख्दछन् । जिल्लाको एस.एल.सी. को शैक्षिक उपलब्धि विगतका वर्षहरूमा सामान्य रूपमा केही बढदै गएको देखिए पनि निश्चित प्रवृत्ति देखिएको छैन । विद्यालय सङ्ख्या प्रशस्त भएता पनि शैक्षिक गुणतरको स्थिति सन्तोषजनक छैन ।

### १. जिल्लाको नामाकरण तथा ऐतिहासिक पृष्ठभूमि

पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत लुम्बिनी अञ्चलका ६ जिल्लामध्येको एक जिल्ला गुल्मी सो अञ्चलको उत्तरी सिमानामा पर्दछ । संस्कृत भाषामा सैनिक वा पल्टन भएको ठाउँलाई गुल्म भनिने र सामूहिक महत्व बोकेको हालको गुल्मी क्षेत्रमा पनि लिच्छविकाल र मध्यकालमा सैनिक छाउनी रहने भएकोले यसलाई गुल्मी नामाकरण गरिएको हो भन्ने भनाई छ । जसलाई गुल्मीकोट पनि भनिन्थ्यो । यसैका आधारमा यस जिल्लाको नाम गल्मी रहेको हो भन्ने भनाइ छ ।

## २. जिल्लाको भौगोलिक अवस्था र क्षेत्रफल

(क) अंक्षाश - २७°५५' देखि २८°२७' सम्म अक्षरी अंक्षाश

(ख) देशान्तर - ८३°१०' देखि ८३°३५' सम्म पूर्वी देशान्तर

(ग) क्षेत्रफल १,१४९ वर्ग कि.मि. (१,१४,८०० हेक्टर)

(घ) सीमाना पूर्व - स्याङ्जा

पश्चिम - प्युठान

उत्तर - बाग्लुङ

दक्षिण - पाल्पा, अर्घाखाँची

(https://en.wikipedia.org/wiki/Gulmi_District)

## ३. भौगोलिक विभाजन

भौगोलिक बनावटको आधारमा यस क्षेत्रका जिल्लालाई ३ क्षेत्रमा विभाजन गरिएको छ ।

(क) उच्च भूमि - ७००० फिटदेखि ९००० फिट सम्मको उचाइ भएको पूर्व - पश्चिम भई भनिएको महाभारत श्रृङ्खला यस क्षेत्रमा पर्दछ । सुङ्गा लेक, यस क्षेत्रका प्रसिद्ध ठाउँ हुन् ।

(ख) मध्य पहाडी भूमि - ३००० फिटदेखि७००० फिटसम्म उचाइ भएको भूभाग यस क्षेत्रमा पदछ । तम्घास, इस्मा, धुर्कोट, पुर्कोट यस क्षेत्रका प्रमुख स्थानहरू हुन् ।

(ग) होचो समथर भूभाग - १५२५ फिटेदेखि ३००० फिटसम्म उचाइ भएको भू-भाग यस क्षेत्रमा पदर्वछ । चौरासी, भजुवा, बामीट क्सार, पूर्वीघाट यसको प्रमुख स्थान हुन् ।

## ४. राजनीतिक एवम् प्रशासनिक विभाजन

सदरमुकाम - तम्घास

अञ्चल - लुम्बिनी

इलाका सङ्ख्या - १३

विकास क्षेत्र - पश्चिमाञ्चल

निर्वाचन क्षेत्र सङ्ख्या - २

गा.वि.स. - ७५

न.पा. - १

## ५. प्रमुख नदीनाला, धार्मिक/दर्शनीय स्थल, ऐतिहासिक व्यापारिक स्थलहरू

गुल्मी जिल्ला पनि नेपालको पर्यटकीय क्षेत्रको रूपमा अगाडि बढिरहेको पाइन्छ । यहाँ प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू जस्तै : रिडी, रेसुङ्गा, अर्जुन, दिब्रुङ, रुद्रवेणी, श्रृङ्गा, पूर्तिघाट, धुर्कोट विचित्र गुफा, दरबार देविस्थान, मुसिकोट छन् । यहाँ प्रसिद्ध नदीहरू कालीगण्डकी, रिडी लगायत बडीघाट, छल्वी, पनाह, निस्ती खोलाहरू पनि रहेका छन् । यस जिल्लाका प्रमुख धार्मिक तथा पर्यटकीय स्थल तथा मेला लाग्ने र महत्व निम्नानुसार रहेका छन् ।

| धार्मिक तथा दर्शनिय स्थल | मेला लाग्ने समय र महत्व |
|---|---|
| रुरु क्षेत्र | माघे संक्रान्ति ३ दिन हरिबोधनी एकादशी २ दिन आदि । |
| रेसुङ्गा तपोभूमि | हरिशयनी एकादशी/श्रावण महिना भर गौ पुजा औंसी |
| तम्घास | कृष्णाष्टमी, गाईजात्रा |
| चोयगा छत्रदेवी | कोजाग्रगत पूर्णिमा |
| वामी मैदान | चैते दशै |
| अजै | कोजाग्रत पूर्णिमा |
| पूर्कोट म्यालपोखरी | चैते दशै |

**प्रमुख व्यापारिक बजार**

| बजारहरू | सदरमुकाम (दुरी कोश) | कैफियत |
|---|---|---|
| तम्घास | ० | |

| | | |
|---|---|---|
| रिडी | ११ | तानसेन-रिडी-तम्घास-मोटरबाटोमा |

## ६. पूर्वाधार निर्माण स्थिति

गुल्मी जिल्लामा रिडीदेखि तम्घाससम्मको ४२ कि.मि सडक कालोपत्रे भईसकेको छ भने यस जिल्लाको एक नगरपालिका र ७५ वठै गा.वि.स. हरूमा जिप चल्न सक्ने मोटर बाटोले छोइकेको छ भने करिब आधाजसो गा.वि.स. हरूमा हिउँदमा बस सञ्चालन हुने गरेको छ । करिब १४५ कि.मि. कची सडक यस जिल्लामा निर्माण भइसकेका छन् ।त्यसैगरी पक्की पुल ९ वटा रहेका छन । एक दर्जन जति पक्की पुलहरू निर्माणधीन अवस्थामा छन । सरकारी कार्यालयका कतिपय भवनहरू निर्माण भइसकेका छन् । भने कतिपय निर्माणधीन अवस्थामा छन् । गा.वि.स. भवन विद्यालय भवन र अन्य स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकी भवनहरूनगन्य रूपमा निर्माण भएका केही निर्माणधीन अवस्थामा रहेका छन भने अधिकाक्ंश निर्माण गर्नुपर्ने अवस्थामा रहेका छन् भने अधिकांश निर्माण गर्नुपर्ने अवस्थामा रहेका छन् ।

## ७. स्वास्थ्य सेवाको अवस्था

सबैका लागि सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने राष्ट्रिय नीतिअनुसार गुल्मी जिल्लामा ५० वेडको एउटा जिल्ला अस्पताल ४ वटा प्राथमिक स्वास्थ्य केन्द्र (PHC) र २८ वटा स्वास्थ्य चौकी (HP) ४० वटा उपस्वास्थ्य चौकी र (SHP) छन् ।

यसैगरी आयुर्वेदिक स्वास्थ्य, गाउँघर क्लिनिक आदि रहेका छन् । समुदायबाट सञ्चालन भएका सामुदायिक अस्पतालहरूले पनि यस क्षेत्रमा सहयोग पुऱ्याउँदै आएका छन् भने व्यावसायिक प्रयोजनका लागि जिल्ला भरी खोलिएका निजी क्लिनिकहरूले आधारभूत आवश्यकता पुरा गरेका छन् ।जिल्लामा७५ गा.वि.स. र १ न.पा. पूव खोप गा.वि.स. घोषणा भइसकेका छन् । जिल्लावासीको स्वास्थ्य स्थितिमा सुधार ल्याउन गैरसरकारी क्षेत्रले पनि विभिन्न अभियानहरू सञ्चालन गरिरहेका छन् । हाल जिल्लाबासीको औषत आयु ६८ वर्ष रहेको छ ।

## ८. गैरसरकारी संस्था विवरण

जिल्लामा सामाजिक विकासका गविविधि सञ्चालन गर्न जिल्लाभित्रै दर्ता भएका र अन्य जिल्लामा दर्ता भई यस जिल्लालाई कार्यक्षेत्र बनाइएका राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्था क्रियाशिल छन् । आ.व. ०७०/७१ मा नयाँ दर्ता भएका गैरसरकारी संस्थाहरू ३१ छन् भने नवीकरण भएका १६८ रहेका छन् । गैर-सरकारी संस्था महासंघ, जिल्ला कार्य समिति, गुल्मीमा २६ वटा गेसहरू आवद्ध भई कार्यक्रम सञ्चालन गरिरहेका छन् । साथै जिल्ला विकास समितिमा NGO Desir गठन भई कार्यक्रमहरूलाई समन्व्यात्मक रूपमा अगाडी बनाइएको छ ।

## ९. सञ्चार सेवाको अवस्था

सञ्चारका विभिन्न माध्यमहरूमध्ये पत्रपत्रिका तथा रेडियो सर्वसाधारणका लागि सर्वसुलभ र प्रभावकारी मानिन्छन । जिल्लालाई शिघ्र साहित्यिक रूपमा अघि बढाउन 'गन्तव्य' पत्रिका प्रकाशन भइरहेको छ । यसबाहेक सदमुकाम तम्घासमा रेडियो रेसुङ्गा एफ.एम., गुल्मी एफ् एम् सामुदायिक रेडियो एकाई, श्रृङ्खला एफ्.एम्., पुष्पाञ्जली एफ्.एम वामी र रेडियो बलेटक्सार सञ्चालनमा छन् । जसका कारण जिल्ला बासीहरूले स्थानीय तथा राष्ट्रिय खोजखण्डको साथै सार्वजनिक सरोकारका विषय तथा सवालहरू समयमासुन्न र जान्न पाउँछन् ।

## १०. सञ्चारको सेवा

हुलाक कार्यालय सङ्ख्या : ७६ जिल्ला (१ इलाका, १४ अतिरिक्त ६१)

टेलिसेन्टर सेवा : ९ वटा एफ.एम. संस्था ६

केबुल नेटवर्क : ८ वटा टेलिफोन सेवा पुगेका

गा.वि.स. ७५

## ११. छत्रकोट गाउँपालिका

गुल्मी जिल्लाको पूर्वी क्षेत्रमा अवस्थित छत्रकोट गाउँपालिका अन्तर्गतको वाड नं ४ साविकको दिगाम गा.वि.स. हो । पूर्वमा एक गाउँपालिकाका विभिन्न वार्ड, पश्चिममा छत्रकोट गाउँपालिका २, ३ वार्डहरू उत्तरमा छत्रकोट १ र दक्षिणमा पाल्पा जिल्लासँग जोडिएको यस वार्ड नं. ४ दिगाम भौगोलिक संरचना लम्बाइमा बढी फैलिएको छ । समुन्द्र सतह देखि करिब १४५० को उचाइ (श्रृङ्गा) मा रहेको भने औषत लम्बाइको फैलावट सँगै विविधता देखिन्छ । कालीगण्डकी र रिडिखोलाको प्रभाव र केही खाल्डो बसेकाले दिगाम, अगाह मनभाग केही गर्मी हुन्छ भने श्रृङ्गाबाट उत्तरतर्फ रहेका हिमालहरू नजिकै जस्तै दखिने हुँदा केही बढी जाडो हुन्छ । यस वार्डको वडा कार्यालय साविकको गा.वि.स. कार्यालय दिगाम भैरहेको छ । स्थानीय तहको निर्वाचन पछि यस वडाको वडा अध्यक्ष श्री डिलाराम न्यौपानेले कार्याभार समाल्नु भएको छ ।

वडा नं. ४ दिगाम, छत्रकोट गाउँपालिका अन्तर्गतका ६ वटा वार्डहरू मध्येको समृद्ध वार्ड हो । जसको आधारहरू विकासका पूर्वाधार र आधुनिक कृषिलाई प्राप्तिको रूपमालिन सकिन्छ । शिक्षाको सवालमा हेर्दा यहाँ स्नातक तहसम्म अध्यापन हुने दिगाम आदर्श बहुमुखी क्याम्पस रहेको छ भने नजिकै श्रृङ्गा जनता मा.वि. श्रृङ्गामा कक्षा १२ सम्मको अध्यापन हुन्छ । साथमा सुस्त श्रवण हुने विद्यार्थीहरूको लागि समेत विशेष शिक्षा यहाँबाट दिइन्छ ।

स्वास्थ्यको स्थितिलाई हेर्दा यस वार्डको श्रृङ्गा स्थित श्रृङ्गा स्वास्थ्य केन्द्र रहेको छ । यसबाट कहिले शिविर र बाँकी समय २४ घण्टा उपचार सेवा छ । साथमा एम्बुलेन्स सेवा पनि रहेको छ । स्थानीय शन्ति सुरक्षा कायम गर्न श्रृङ्गा प्रहरीचौकी र अस्थाई ट्राफिक

कायालय समेत श्रृङ्गा पिपलनेटा मै रही सेवा प्रदान गरेको छ । त्यसैगरी सञ्चारको क्षेत्रमा पनि मोबाइल, टेलिफोन र एफएम रेडियाको पहुँच यस वार्डमा राम्रो रहेको छ । श्रृङ्गा हुलाक केन्द्र पनि सञ्चालित छ ।

यातायातको क्षेत्रमा पनि यो वार्ड हरेक बस्तीको पहुँचमा पुग्न सफल भएको छ । मुख्यतः बुटवल तम्घास सडक पनि यही घरपोखरादेखि श्रृङ्गा देउराली सम्म करिब २ कि.मी. कालोपत्रे सडक भएर अगाडि बढेको छ । यसैगरी रिडि, खर्ज्याङ मोटरबाटो पनि यही वाड नं. भएर अगाडि बढ्छ । विद्युत सेवा पनि प्रत्येक घर घरमा पुगी पूर्व विद्युत सेवाको पहूँच वडा मात्र होइनकी सातमुरे जलविद्युत परियोजनाबाट विद्युत उत्पादन गरी आत्मनिर्भर बनेको छ । स्वस्थ जीवनको मुख्य आधार खानेपानी हुँदाहुँदै पनि यस वार्डमा प्रत्येक नागरिकलाई शुद्ध खानेपानी र घरघरमा खानेपानी पुऱ्याउन कठिन भएको छ । यस वार्डमा ४ वटा लिफ्टिङ खानेपानी सम्पन्न भई जनताहरू लाभान्वित भएको पाइन्छ । धार्मिक तथा पर्यटकीय स्थानका हिसाबले हेर्दा पनि यस वार्ड सम्पन्न छ । नजिकैको श्रृङ्गेश्वरतपोभूमि, शिवालय हक, दुर्गामन्दिर, सिद्धबाबा मन्दिर, राधाकृष्ण मन्दिर, साथमा गुणसमेत यहाँ रहेका छन् । यसरी विकासका पूर्वाधार तथा धार्मिक दृष्टिले हेर्दा यो वार्ड सम्पन्न नै रहेको अनुभूति सकिन्छ । यहाँका मुख्य व्यापारिक केन्द्रहरू, धर्म पोखरी पिपलनेटा, देउराली, टक्सार आदि रहेको पाइन्छ ।

यस वार्डमा खानेपानीको गुल्मी जिल्लाभरिकै ठूलो पोखरी छ । यस वार्डका जनताको आर्थिक उपार्जनको मुख्य स्रोत वैदेशिक रोजगार, आधुनिक कृषि प्रणाली, उखु खेती, सुन्तला, खेती, कफी खेती (श्रृङ्गामा) पकेट क्षेत्रको रूपमा रहेको छ । त्यसैगरी अदुवाको लागि पनि वाड नं. ४ उपयुक्त सम्भाव्यता भएको क्षेत्र हो भने व्यवसायिक खेती प्रणाली र कृषि क्षेत्रमा पनि यहाँका कृषकहरूले राम्रो उपलब्धि हासिल गरेका छन् । यस क्षेत्रमा ब्राह्मण, क्षेत्री, जनजाति लगायत दलितहरूको पनि बसोबास रहेको छ । यस वार्डमा कणेल, पन्थ, न्यौपाने, ज्ञवाली, भण्डारी, वि.क., परियार, कमला सतुङ्गे लगायत विभिन्न थरका मानिसहरू यस वार्डमा बसोबास गर्दछन् । यस वार्डमा केही मात्रामाकुमाल र दलित बस्तीका मानिसहरू विपन्नताको अवस्थामा रहेको पाइन्छ भने अधिकांश मानिसहरू आर्थिक रूपमा सम्पन्न नै देखिन्छ ।

## तेस्रो परिच्छेद

# गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको संकलन

लोकसाहित्यका दृष्टिले गुल्मी जिल्ला सम्पन्नशाली छ । यस जिल्लामा लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत पछिको विधाको रूपमा लोककथालाई लिन सकिन्छ । यस अध्ययन पत्रमा गुल्मीजिल्लाको दिगाम छत्रकोट गाउँपालिकामा प्रचलितन लोककथालाई यस अध्ययनमा समावेश गरिएको छ । यस अध्ययन पत्रमा दिगाम छत्रकोट चारका विभिन्न उमेर, समूह र पेसासँग सम्बन्धित व्यक्तिहरूलाई भेटी, कथा भन्न लगाइ मोबाइलमा रेकर्ड गरी रेकर्ड अनुसार कापीमा टिपोट गरी सङ्क लन गरिएको छ । यस क्षेत्रमा सङ्कलन गरिएका ५ वटा लोककथाहरू न भाइ नपोइ, टुहुरी र सौतेनी आमाको कथा, बुढी बाँध्ने साङ्लो, सुनकेसरी मैयाँ, लाटो र बाठो वर्णानुक्रम अनुसार राखिएको छ ।

## ३.१ नभाइ न पोइ

एका देशको कुरा हाम्रो गाउँ दिगाम गाउँटोला निवासी सूर्यनारायण पन्त भन्नेका मात्र एक छोरा हुनुहुन्थ्यो रे वहाँ छोराको अरु दाजुभाइ निकटमा नभएको भए पनि सानैदेखि विवाह गर्ने उमेर त भयो तर विवाह गरिदिने मान्छे कुरा चलाइदिने मान्छे कोही भएन हिजोआज जस्तो फेसबुक, हिजोआज जस्तो लभको कुरा यस्ता पनि नहुने कसैले माग्दिनु पर्ने कसैले भन्दिनुपर्ने कसैले लमी गर्दिनुपर्ने अवस्था तर वहाँको त्यस्तो गर्दिने मान्छे भएन भएका दाजुभाइले पनि यत्तिकैमा व्यानगरी गयो भने यसको सम्पत्ति खान पाउँला भन्ने आशा, आफ्ना नातागोता स्टमित्र, कसैले पनि व्या गर्दिने स्वर गरेनन् बरु व्या गर्दिउँला भन्दै आश्वासन बाँड्दै आश्वासन दिदै धेरै खर्च, धेरै दुःख, धेरै टर्चर दिइरहेको अवस्था थियो ।समयले पर्खेर बसेन बीचरा सूर्यनारायण पन्तका छोरा रामानारायणको वृद्ध अवस्था हुनलाग्यो । उमेरले धेरै वृद्ध भन्न त मिल्दैन तर पनि ५२, ५३, वर्षसम्म पनि विवाह भएन सबैले भन्न थरले ओ, बाबु विवाह गर्ने होइन उमेर त धेरै भइसक्यो नि तर कपडा खोल कपडा खोल ओछेन ला ओछेन ला भन्ने दौरा नकाड्ने भने जस्तै कसैले पनि चाँजोपाँजो नमिलाई दिने विवाह गर्ने हैन भनेर जिस्काएको खिसीटिउरी जस्तो अवस्था थियो । यस्तो हुँदाहुँदै धेरै दिन बितेपछि मनमा खट्पटी चिन्ता तनाव हुनथाल्यो । सम्पत्ति प्रशस्त भएको सम्पत्तिको कमी होइन घरजग्गा, पशुचौपाया खेत सबै कुरा भएको सम्पन्नको छोरा सम्पन्नथिए उनी आफ्नो बाबुको एकमात्रसन्तानको रूपमा सूर्यनारायण रहेका उनी अब के गरुँ कसी गर्ने हुँदाहुँदै आ^0ना दाजुभाइ, इष्टमित्र, छरछिमेकी, नातागोता कसैलाई ग्वार्दा पनि केही नगरेसी सबैसित रुष्ट हुँदै अन्तर्मुखी रूपमा आफू एक्लै रुनी, कराउने, चिच्याउने गर्न थाले । रातको अवस्था थियो खाली साह्रै तनाव र चिन्ता भयो विवाह गरेर सुखी, सन्तान जन्माउने, दाम्पत्य जीवनको सुख भोग गर्ने उमेर पनि अब टरेर गएको अवस्था छ । त्यसैमाथि पनि कम्सेकम विवाह गरेर कुमार ग्रह उतार्ने विवाह गर्ने पाणीकरण गरेर मात्र मुक्ती पाइन्छ भन्ने कथा प्रवचन सुनेका उनले विवाह गरेर मर्न पाए हुन्थ्यो भन्ने मात्रै विवाह गर्ने गरेर मर्ने धोक्काको रूपमा मात्रै थियो । कसैले गर्देनन् भनेपछि मात्रै अब यो

डाँडै काटेर टाढैं जानुपर्‍यो भन्दै उनी हिँडेदै थिए ।विहान घाँसपात गरिसकेपछि कसलाई पनि नभनी हिडे । उनी जाँदाजाँदै त्यतिखेरअर्घाखाँची जिल्लाको पाणिनी गाउँपालिका अहिलेको वाड नं. चार तल्लो अमाजा मैदान गा.वि.स.को अमाजा भन्ने ठाउँमा पुगे । त्यहाँ जाँदा झमक्क साँझ पनि पर्‍यो । त्यसभन्दा तल कुनै बास बस्ने ठाउँ पनि नभएको अवस्था, जङ्गल एरीया पर्ने, ठाउँ पनि नचिनेको, नजानेको ठाउँ थियो । पुच्छारको घरमा अब अँध्यारोमा सहाराको रूपमा वास बस्नु पर्‍यो भनेर घर यसो जाँदा त्यो घर लोकमणी घिमिरे नाम गरेका व्यक्तिको रहेछ । बास पाइन्छ कि हजुर भनेर भन्दा बास त नपाइने कुरा किन भओर बास त पाइन्छ । बाबुको घर काहाँ होला भनेर सोधे मेरो घर त छत्रकोट गाउँपालिका दिगाम वाड नं. ४ सूर्यनारायण पन्तको छोरा हुँ हजुर ओहो सूर्यनारायणको छोरा एउटा मात्रै होइन र बाबु सबै पहिलेदेखि चिनिरहेको लोकमणीले भने हो हजुर म त एउटा मात्रै हुँ हजुरले कसरी चिन्नुभो सूर्यनारायणसँग धेरै पटक भेटेको, खेलेको विधि व्यवहार गरेको हामी त साथी साथी हुम्नी अनि बच्चा बच्ची कति छन् नि बाबु बच्चाबच्ची को त के कुरा गर्नुहुन्छ र बुवा मेरो त बिहे भएको छैन । ऐ बिहे भएर केही तल माथि परेको होकी बिहे नै नगरेको भन्दा बिहे नै नगरेको किन नगरेको र खै हजुर आफै बिहे गर्न तपाइँको छोरी दिनुपर्‍यो भन्न पनि कहाँ सकिएन, कसैलाई पनि मेरी श्रीमती बन्न हिंड्न भन्न पनि सकिएन अब के गर्नी आ^०नो मान्छे गर्दिने कोही नभएपछि यस्तो हुँदोरहेछ दाजुभाइ पनि रमिता हेरे, नातागोता, इष्टमित्र सबैले रमिता हेरे बरु यो मरेपछि अपुताली स्यारौला भन्ने आशा गरे जस्तो लाग्यो साह्रै खिन्न भएँ त्यसैले यसो एककोहोरो भएर म त त्यसैको खोजीमा यही धाउन्नमा, त्यही चिन्तामा यसरी हिँड्दै गरेको हुम् हजुर धेरै टाढाको भएर कसैले नचिनेको ठाउँमा आफै कुरो गर्छु भनेरहो भन्दै आएको छु । ओहो ! अहिले सम्म बिहे नगरेको उमेर कति भने बाबु धेरै त भएको छैन बाबा मेरो ता एकाउन्न वर्षको उमेर भो । ठिकै छ बासा बस्नुस् बस्नुस भनेपछि ठिक छ भने बासा बस ! अरु धेरै कुराहरू सोधनी पुछनी भए खानासाना पाक्यो खाना खाइयो । समस्या के थियो ? लौ न मेरो जसरी भए पनि तपैले कुरा गर्दिनुपर्‍यो यहाँ हुँदी कहीँ पाइएलान् धेरै कुरा सोच्दै गए । मनमा बुढाले पनि तर्कना गर्दै गए के गर्ने मेरै घर ६, ७ वटी छोरी छन् एउटी को नी विवाह गर्दिन सकेको छैन उमेर बित्दै, छिपिदै, ३२, ३३, ३४ को वर्षका पनिभए ।

धेरै दाइजु दिन्न भनेर व्या गर्ने मान्छे पनि आउन्नन् जस्ता तस्तालाई मैले दिन मन पारिन मेरो पनि आ^०नो इज्जत सुहाउँदो मान्छे आएन त्यसैले छोरीहरू पनि बाझै छन् । धेरै कुरा सोच्दै अगेनाको डिलमा बसेर तमाखु खाँदै गफ गर्दै गरेका रैछन् । कुरै कुरामा ला अब पाउनालाई खान दिनु पर्‍यो है बुढी पाउनालाई खान दिने क्रममा नानीले दिन्छे पकाइछ कर मलाई पनि सन्च छैन अनि नानीले मत्लव लोकमणीकी छोरीले खानाखान दिइन् अनि चुलामा आ^०नो विवाह नभएको ३२ वर्षसम्म विवाह नभएको उमेर छ । यसरी आउँदै गरेको मान्छेको होला सङ्कोच र लाज मानी-मानी हेर्दैछिन् । उनीत्यस्तै तरिकाले खाना खाइसकेपछि फेरी एकछिन गफगाफ गरेर बैठकमा सुत्न गए । ल यहाँ पाहुना बाबुलाई राम्रो तरिकाको बिस्तारा बनाइदेउ है । बिस्तारा पनि बन्यो अनि सुते सुत्नासाथ सोच्न थाले

ओहो ! यो घरमा छोरी मान्छे रहिछन् बिहे नभएका विवाह गर्ने उमेर पनि भएको रहिछ के गर्ने होला मलाई कन्यादान लेउ भनी भन्न पनि नमिल्ने होला भनी उनी छट्पटाइ रातभरि निद्रा लागेको छैन भनी यतातिर लोकमणीले पनि सोच्न थाले के गर्नी आ<sup>o</sup>नो घरमा आएका मान्छे साँझमा आएका मान्छे त्यसैमा आफै पनि गूल्मी छत्रकोट चार सूर्यनारायनका छोरा भन्दा बित्तिकै मेरो साथीको छोरी खान्दानी छन् उच्चका टिका मान्छे हुन अथवा आ<sup>o</sup>नो मान्छे कोही नभएपछि विवाहबारी भएको रैनछ । यिनै सित मेरी छोरीको व्या गर्दिन पाए । एउटीको भए पनि कन्यादान गर्दिन पाए त अलि फरक पर्थ्यो कि जोरी पारी लेनी कुरा काट्ने बेला आयो भनेर धेरैबरेसम्म विचार गरिरहेको अवस्था थियो । ए ! बुढी कसो गर्ने होला हेर्त यी आएका पाहुनालाई ज्वाइँ बनाउन पाए पनि हुन्थ्यो । लोकमणिले आ<sup>o</sup>नी बुढीतिर इङ्गित गर्दै भने । बुढीले भनिन् त्यस्तो उमेर छिप्पेकाला के कुरा गर्नु भएको होला होइन, हाम्री छोरी पनि त ! कति भर्खरकी छर : ३२ ३३ त हाम्रो पनि भइहालीनी छोरी मान्छेको उमेर न हो ४० काटेपछि त ! सबै खतम भइहाल्छनी । अनि हाम्री छोरी त काँ त्यति भएकी छर ! आ<sup>o</sup>नी छोरीलाई सानो बताउँदै लोकमणिकी बुढीले कुरा गर्दै छिन् । अनि जन्माउने, चीना लेख्ने, सोध्ने म कति वर्ष भई भन्ने मलाई थाहा छैन र : जसरी भए पनि यिनी मान्छेलाई दिनुपर्छ है । गर्नु काम जोगाउनु दाम भोली बिहान म आफै कुरा गर्छु । अनि राती सुतीरहेका पन्त बाबु पनि छट्पट्-छट्पट् खस्खस्-खस्खस् मनमा धेरै कुरा खेलाउदै छन् । यसै बिचमा बिहानै तमाखु, तान्दै भन्न थाले पाहुना बाबु निदाउनु भएको होला उठाउन पनि अप्ठ्यारो हुनी हजुर बुवा मत निदाको छैन । मलाई पनि कहाँ त्यस्तो निद्रा लाग्छ र बा कता-कता टेन्सनका कुरा आउँछन् यत्तिकैमा पन्त बाबु पनि उठे । अनि लोकमणिले पनि तमाखु भरेर कुराको प्रसङ्ग गरे हिजो बेल्की तपाइँले बिसाएका कुराले मलाई साह्रै पोल्यो र रातभरी निद्रा लागेन चारैतिर हेरे कतै पनि तपाइँलाई सुवाउने केटी मैले भेटिन । अब भनम् भने मेरै घरमा छन् छन् : हुनत आ<sup>o</sup>नो कुरा आफै गर्दा अप्ठ्यारो-अप्ठ्यारो पनि लाग्ने त्यसैमाथि पनि दाइजो नदेको भनेर यस्ताकी छोरी उस्ताकी छोरी भनेर भोली भन्न पाइनेछैन केरे केटीको पनि चित्त बुझेत हाम्रो घर सल्लाह मिलो भने गर्नु काम जोगाउनु दाम चार पैसाको टिको किनेर सिन्दुर राखेर लैजाँदा भैहाल्यो नि । यस्तो बुढाको कुरा सुनिसकेपछि मनैभित्रबाट गद्गद् भएका पन्त बाबुले हजुरको निगाहा, हजुरको आज्ञा यो कुरो, सुन्दा पनि मलाई खुशि लाग्यो मैले जे भने पनि मान्छे जसो भने पनि मान्छु । हजुरले कृपा भए गाउँघरमा म कमसेकम विवाहित हुन्थेँ । अविवाहित अवस्थामा रहनि थिन । घरमा जाँदा बित्तिकै डाडु पैन्यु सबै आ<sup>o</sup>नो घरको मालिक्नि सबै केही कुरोको कमजोरी थिएन । भनेपछि ल ! ठिकै छ त्यसो भएपछि अब कसैले केही कुरा नगर के गर्ने त नानी भनेपछि कुन्तो हजुरले के भन्नुहुन्छ। छोरीको पनि मन्जुरी बुझीसकेपछि दुकानमा गएर सुटुक्क वल्ला घर, पल्ला घर माथिल्ला घर र तल्ला घर कसैला हल्ला नगरिकन सबै जोरिपारीले छोरीको पनि विवाह गर्न नसकेको भनेर कुरा काट्ने अनि छोरीलाई खर्च हुन्छ भनेर सुटुक्क दियो भन्छन् भन्ने पनि भए त्यस कारणले लुकाएर सुटुक्क सिन्दुर रखाएर सिन्दुर राख्न लगाएर पठाउने निधो गरियो । पठाउने क्रममा माइली पनि नजाने, साइली पनि नजानी नजानी नजानी भन्दा कुहिनो ठस्काउँदाखेरी पछिबाट जन्मेको कान्छो बाबु १२

वर्षको बाबुए ! बाबु तिमी जानुपरो है दिदीला छोड्न दिदीलाई छोड्न जानुपरो भनेपछि किन पो नजानी र जानी भयो भिनाजु दिदी अथवा दुलाहा, दुलइ र सालो बाबु समेत भएर हिँड्दै हिँड्दै पैदल आउँदै आउँदै गर्ने क्रममा धेरै टाढा धेरै लामो बाटो अब दिगाम पन्त गाउँमा पुछारको घरमा आएछ । धेरै राती भैसकेपछि हिजो राख्दिएको पशु चौपायाको घाँस अगाडिको गुह्याइरहेको थिए । पछाडि गोब्र्याइरहेको थिए । राती धेरै छिप्पिएको थियो ।सबै मान्छे तल्ला घरे, पल्ला घरे, माथिल्ला घरे, तल्ला घरे, सबै निदाइरहेको थिए ।

उतातिर पन्त नानी पनि बाबुलाई मनमनै खुशी लागेको थियो । अचम्म पनि लागेको थियो यतिका दिनसम्म १६ वर्षको उमेरदेखि ५१ वर्षको उमेरसम्म विवाहवारी गर्न नपाएर अथवा विवाह कसैले नगर्दिएर यत्तिकै रहेको संसारको खिसीटिउरी भएको एउटा कुमार ग्रह उतार्न पाएकोमा पापबाट मुक्त हनुनपाएकोमा, श्रीमती भित्राउन नपाएको ठूलो अनिष्टकारक अवस्थाबाट आज आफै गएर आ^०नो विवाह आफै गरेर कसरी भयो त ! सोच्न थाले खाना पकाएर, ख्वाए, सुते सबै कुरा भयो । अनि झस्ल्यास्स सुत्दा निद्रा लागेन निद्रा नलाइसकेपछि सोच्दै छन् सोच्दा सोच्दै बाटामा एउटा घटना भएको थियो । पाली भन्ने ठाउँमा कुखुरी देउराली भन्ने एउटा मन्दिर छ । त्यहाँ जाँदा देवीलाई ढोग्दिँदारवेरी मनैभित्रबाट मेरो विवाह कसैले गर्दिएन हे देउराली देब, हे देउराली माई मैले मेरो विवाह आफै गरेर आउन सकेँ भने तिम्लाई जे भने मैले त्यही टकार्छु । मन्टो काटेर चढाउनुपरे पनि म तयार छु । यस्तो भनेको कुरा झस्ल्यास्स सम्झे आहा म मैले के भने हुँला त्यत्रो कसम, यत्रो बाचा, सङ्कल्प देवीका अगाडि उभ्भेर गरेँ जो सङ्कल्प र प्रतिज्ञाका कारण देवी प्रशन्न भएर मेरो विवाह आफै गर्ने योग्य, आफै गर्न सक्षम वातावरण सृजना गरिन् र मैले गरेँ । अब श्रीमती ल्याएको छु । मेरो विवाह भएको छ । कुमार ग्रह उत्रेको छ । अब म यही श्रीमतीसित घर गरेर बस्ने या देवीसित गरेको सङ्कल्प बाचालाई पुरा गर्नको निमित्त देवीको नजिक जाने धेरै दोधारमा रात छिप्पिदै गो रातको बाह्र पनि टर्‍यो । १, २ बजिसकेको अवस्थामा थियो । बाचा टर्नु, नर्क पर्नु, सङ्कल्प गरेपछि मिथ्या गर्नहुन्न यस्ता जन्म कति आउँछन् । नरकको यातना भोग्नुपर्छ । धर्मशास्त्रको आचरण जानेका यातना भोग्नुपर्छ । धर्मशास्त्रको आचरण जानेका पन्त कुलका पन्त बाबुले मनमा एउटा निर्णय गरेकी म देउरालीको साम् जानुपर्दछ र सुतिरहेका भाइ अनि श्रीमती समेतलाई थाहै नदिइ सुटुक्क निस्केर उनी हिँडे । हिँड्दा-हिँड्दै जाँदा-जाँदै अर्घाखाँचीको उनी पालिको कुखुरे देउराली भन्ने ठाउँमा पुगे । त्यहाँ पुगेर हात जोडेर भन्न थाले हे देउराली माता तपाइँको शक्ति र तपाइँको आर्शिवादले वाचा पुरा गर्दिनु भएको मा म प्रशन्न छु । तपाइँको कारणले गर्दा आज यो ५१ वर्षको उमेरमा मेरो विवाह सम्पन्न भएको छ । मेरो कुमार ग्रह उत्रेको छ । मेरो वाचा पुरा भएको छ । अब सन्सारका मान्छेहरूले तेरो व्या भएन भनेर मलाई नाना थरिका भन्ने कुरा अब रहने छैन तर मैले यस्तो सङ्कल्प गरेको छु । मैले झुटा गर्न चाहन्न म तपाइँको अगाडि तपाइँलाई मेरो शिर अर्पण गर्न चाहन्छु । नभन्दै. हातमा तरबार समातेर देउरालीको सामन्नेमा चढाइएको ठाडो बनाएर धजा बानेर राखिएको तरबार निकालेर आ^०नो गर्दनमा आफै खुकरी छ्याप्प हानेर वियोगको अवस्था सिर्जना भयो, यतातिर उज्यालो हुन लाइराखेको छ । उज्यालो भइसकेको छ र ए बाबु उठ्त काँ गएका

होलान् यो घरको मान्छे पनि भर्खरै आज यो घरमा प्रवेश गरेको मान्छे म । दैलो पोत्नु छ । दैलो पोत्दै गोठतिर हेर्दै पशु चौपाया टन्न मोटाघाटा अगलबगलमा अगाडि उरिम यता थारो अनि खर खर्‌यान बारी सबै राम्रो देखिन्छ परिपूर्ण छाँट काट सबै मिलेको देखिन्छ तर समय छिप्पिँदै जाँदाखेरि पनि यो घरका मान्छे अथवा बुढा मान्छे नआउँदा बाबु तिमी जाउन ततिम्रो भिनाजु कता हो कता यसो वल्तिर पल्तिर खोज तः बिचरा खोज्न गएको भाइ पल्लो घर गएर सोच्यो । यो घरको मान्छे को जानुभएको होला ? काँ हो र बाबु तिम्रो घर ? किन कलाई सोधेको भन्दा यो घर आको यो घरको मान्छे को जानुभएछ । ए ! त्यो राती नै हो २ बजेतिर पिसाब फेर्न म निस्किँदा सुटुक्क यता जान्थ्यो यो मान्छे त हिजो अस्ति पनि थिएन । कुन्नि खै अनि सोध्दै सोध्दै जाँदा भन्दै भन्दै सोच्दै खोज्दै-खोज्दै जाँदा भाइ पनि कुखुरी देउराली सम्मन पुगेछन् । त्यहाँ पत्ता लगाउँदै गए जहाँ मन्दिरको निकट जाँदा आ^0^ना भिनाजुको ढाड र शिर दुई टुक्रा दुई ठाउँ भएको देखे छन् । त्यस्तो अवस्था देखिसकेपछि ओहो दिदीको विवाह नभएर कुनै पनि दिदीको विवाह नभएर अत्यन्त चिन्ता र व्याकुलताको साथ इष्टमित्रको अगाडि लज्जित हुनुपरेको अवस्थामा दिदीको विवाह भएको अनि दिदी अरुलाई छोड्न जान भन्दा नमानेर मै आउनु परेको आज यस्तो खबर भिनाजुको शिर छेदन भएको खबर लेर गएर दिदीलाई भन्न सक्नु न बाबा आमाला भन्न सक्छु यस्तो अवस्था यो हालत देखेर म बाँच्नुभन्दा म पनि यही तरिकाले मर्नु बेश हुन्छ तरबार झिकेर बिचरा उनी पनि ^0^याट्टै शिर छेदन गरेर दुई टुक्रा भए । एकातिर भिनाजुको दुर्दशा अर्कोतिर सालो बाबुको दुर्दशा उतातिर श्रीमती अझ कता होला खोज्न गएको मान्छे अहिले सम्म आएन कहाँ गयो हराउनी बिलाउनीलाई खोज्न भने जस्तै भो घरका मान्छे मेरा श्रीमान् वहाँ पनि नपाउँदा भाइलाई खोज्ने पठाए उनी पनि नआउने कसो गर्ने होला गर्नेहोला दिन छिप्पिदै गयो दिनको १२ बजे लागिसकेको अवस्था छ । यसो पल्लो घर जानुपर्‍यो भनेर पल्ला घर गएर हजुरको हुनुहुन्छ ? यो घरका मान्छे कता जानुभएको होला ? काँ होर नानी तिम्रो घर ? अर्काकोले पनि त्यही भन्दै थ्यो एउटा बाबुले देख्नुभए थ्यो ? भनेर सोध्थ्यो खै राती नै त्यो गएको हो । पछि व्यान एउटा बाबुले पनि सोध्दैथ्यो । यतैतिर गएको हो सट्टा माथिसम्मन गयो हामी पिसाब फेर्न निस्केको बेला त्यस्तैगरिकन सोध्दै सोध्दै जाँदा धेरै ठाउँ धेरै खोर पत्ता लगाउँदै जाँदा उनी पनि बीचरा पुगिछन् त्यहाँ अर्घाखाँचीको पाली गा.वि.स. कुखुरे देउरालीको तल क्षणमा जहाँ दिउरालीको पुग्दा सामुन्ने आफ्नो भर्खरै विवाह गरेको नवविवाहित दुलाहा र आफ्नो प्यारो पृयभाइ धेरै दिदी बहिनी पछिको प्यारो भाई शिर छेदन भएर ढाड र शिर अलग अलग बनाएको अवस्था । त्यहाँभन्दा ठूलो पीर र चिन्ताको कुरो अरुकेही रहेन । यो विवाह हामी दिदी बहिनीको नभएर अत्यन्दै दुःख र अत्यन्तै पीर चिन्तामा बुबा आमा सधै हुनुहुन्थ्यो । संजोक विवाह भयो । आज यो अवस्थामा ३२ वर्षको उमेरमा मेरो, विवाह भयो । यस्तो अवस्थामा आज श्रीमानर मेरो भाइको हालत त्यतिका लामो समय दिदी बहिनीका पछि जन्मेको मेरो भाइको यो हालत आज मला के बेहोर्नुपरो । अब मला त्यो घर किन चाहियो, अब म कसरी फेरी माता पिताको अगाडि जाउँ, के भन्न जाउँ । अत्यन्त खिन्नता भइसकेपछि उनले पनि अन्ततो आफ्नो शिरा छेदन गरेर त्यही समर्पित भइ जहाँ भाइ र श्रीमान् गए उही ठाउँमा जाने निधो गरिन् हे देवी अब म बाँच्नु

बेकार छ । तिम्रो शक्ति, तिम्रो सोच, तिम्रो विचार के छ ? म मर्ने चाहान्छु । भन्दै तरबार निकालेर आफ्नो शिरछेदन गर्न घाँटिमा मात्रै तरबार के लगेकी थिइन् । एकाएक देउराली माता प्रकट भइन् र त्यो तरवार समातेर हे बालिके तिमी मर्न पाउँदिनौ। तिम्रो मर्ने समय भएको छैन । तिमी चिन्ता नगर तिम्रो लाागिगा म के गर्न सक्छु ? हे देवी यदी तपाई साच्चि देवी र शक्तिशाली हुनुहुन्छ भने भयो पीर र चिन्ताको अवस्थाबाट छुट्कारा दिन मेरा श्रीमान् र मेरो भाइ प्राण प्यारो भाईलाई जीवित गराइ दिनुस् । हे बालिके तिमीले भित्रैदेखि गरेको बेदना तिम्रो पुकारबाट म प्रशन्न भएको छु । ठिकै छ तिम्ले तिम्रो श्रीमान् र तिम्रो भाइको शिर जोडेर ठिक पार म मेरो मन्त्रले तिम्रो भाइ र श्रीमान्को शिर जस्ताको तस्तै उस्तै गराइदिन्छु अर्थात् जीवित हुन्छन् । केही चिन्ता नगर । म शक्ति दिँदै छु । तिमी यो काम छिटो गर ओम ओमको ओम्कार गरी देवीले शक्ति दिँदै थिइन् उनले हत्तन पत्त गरी आफ्नो श्रीमान र आफ्नो भाइको शरीर र टाउको जोड्नका निमित्त खडा गराउनका निमित्त ढाड र शिर जोड्दै थिइन् । हत्पत्को काम लतपत् भएछ बीचरा जोड्न पनि जोडिन् शक्तिले गर्दा दुवै जीवित पनि भए । अन्तिममा आत्तिँएको बेलाश्रीमान्को मुन्टो भाइको ढाडमा जोडिएछ । भाइको मुन्टो श्रीमान्को ढाडमा जोडिएछ । यसरी हत्पत् र हतारोमा गर्दा यो अवस्था भएर अब के गर्ने न आफूले हुन त देवीले पुकारा पनि सुनेकै हो अब भनेको पनि पुगेकै हो । अब आफ्नै ढङ्गले आज यो अवस्था भयो ।मलाई के भयो के भयो न भाई न पोइ भयो । अहिलेसम्म यो कहाबत चलेकै चल्दैछ । जहाँ पनि यता पनि भएन उतापनि भएन सबैथोक बिग्रिसकेको अवस्थामा भाइ न पोइ भयो भन्ने उक्ति र यो लोकप्रिय लोकोक्ति अथवा यो उखान टुक्काको सट्टा यही हो उखान र आख्यान हो अख्यान यो कथा यसरी सुरुबात भएको हो भन्नेलाई फूलको माला सुन्नेलाई सुनको माला यो कथा बैकुण्ठ जाला भन्ने बेलामा खुरु खुरु आउला धन्यवाद ।

स्रोत - रेमलाल पन्त

गुल्मी छत्रको गाउँपालिका ४

उमेर - ५५ वर्ष

## ३.२टुहरी र सौतेनी आमाको कथा

एउटी टुहुरीले एउटा भेडा पालेकी थिइ । भेडो पाल्दाखेरी त्यो टुहुरीलाई वन गएर तो भेडाले सबै खानेपीनी वस्तुहरू दिन्तो, दिइसकेपछि घरकी सौतेनीआमा थिइ । त्यल्ले भनिकी यि मेरा छोराछोरी यति साना छन् यस्ता दुब्ला छन् यो टुहुरीला मैले खान नदिँदा पनि यो के खाएर मोटाइछे भनेर एकदिन वन चर्चा गर्न गई गएसि त्यो टुहुरीले ति वस्तुहरू खाँदा देखि अब मैले एउटो केही जालखेल गर्न परो भनी । भनेपछि घर आएर एउटो घैंटो फुटाली । घैंटो फुटालेपछि तिनी घपटा वरिपरी ज्यानमा भित्र लुकाइ घुसाइ त्यसको दुलाहा बाहिरतिर कतै गएकोथ्यो । आउँदाखेरी सन्चो भएन भनेर घैंटाका खपडाहरू कटकट पारी के भयो भनेर हेराउन भन्दै गएपछि लेरा घर एउटा भेडो छ त्यो टुहुरीले पालेको भेडो काटेर खाइस् भने तँला सन्च हुन्छ भनेर भनी त्यसो भनेपछि त्यो भेडो काट्न परो भनेर टीकठाइ गरे । त्यसो गरेपछि टुहुरी भनी ए भेडा तँला काट्छन् अरे मैले के गर्नेहोला भनेर भेडाँसँग रोइ । रुँदाखेरी तिम्ला देको मासु तिम्ले नखाए ! तिम्ले गएर नदीको किनारमा फाले भनेर भेडाले भन्यो । त्यो टुहुरीले भेडाले जे-जे भन्यो त्यही कुराहरू गरी गर्दाखेरीमा त्यो भेडाको मासु अरुले खाए सौतनी छोरीले खाइन । त्यस मासुबाट सुनको मैलो निस्क्यो । त्यो मैलो गोड्न सबै जना गए तर कसैले सकेनन् । नसकेपछि त्यो टुहुरीलाई वर १२ आउ-आउ भनेर भित्रबाट गुप्तचालले त्यो मौलाले भन्यो । भनेपछि टुहुरी गएपछि कान्छि औंलाले छुँदा बित्तिकै त्यो मौलो आयो । आएपछि त्यो सौतेनी आमाले त्यो टुहुरीलाई मेरी छोरी भनेर आ०ना छोराछोरीलाई भन्दा बढी माया गर्दै ल्याइ । लिउँदा खेरिमा यस्तो-यस्तो कुरा भनिउ यस्तो-यस्तो. गरिउ भनेर त्यही समाप्त भयो ।

गंगा कँडेल

गुल्मी छत्रकोट गाउँपालिका ४

उमेर ६५ वर्ष

### ३.३ बुढी बाध्ने साङ्लो

बुहारीले बाखा बाध्ने खोरमा लएर राखिइच त्यहाँबाट उताबाट आउँदाखेरि नातिनी बुहारीले यो को हो ? भनी आ०नी बुहारीले साङ्लाले खोरमा बाँधेर राखी नातिनी बुहारीले यो को हो ? भन्दाखेरी म तेरी बुढी सासु हुम् मलाई हक्चे, मुत्छे फोहोरी गराउँछे भनेर मूल ओछ्यानमा सुत्न नदेर मला खोरा थुनी भनेर भनी बुढीले (बुढी सासुले) त्यहाँबाट बुहारीले मूल ओछ्यानमा ल्याएर कपाल नाइदिनी, लुगा धोइदिनी, घस्दिनी, कपाल कोर्दिनी, पनि गरी । त्यहाँबाट मूल ओछेनमा ल्याएर राखी नातिनी बुहारीले तो नातिनी बुहारीले राखेपछि त्यहाँबाट आ०नी बुहारी आइ मित्र राती ओहो ! यो कोहो भनेर भनी तपाइँकी सासु मेरी बुढी सासु भनी नातिनी बुहारीले भनी त्यहाँबाट तो भनेपछि यहाँ फोहोरो हुन्छ माखा लाग्छन् । पाहुना पाछा आउँछन् भनेर मैले वहाँ खोरा लएर बाँदिछे तैँले के भनेर ल्याइस् यहाँ भनेर सासुले नातिनी बुहारीले गाली गरी (आ०नी बहुारीला) गाली गरिसकेपछि त्याँबाटले साङ्लो मैले फेरी लगेर खोरा वान्छु भनी मैले त साङ्लो दिम् भनी मैले तपाइँलाई केले बाँध्नेहोर भनी तो भनेपछि आ०नी बुहारी चाँही बोलिन । तो नबोलेपछि बल्ल पो छोराले पनि ज्याद्द्रै माया गरो बुहारीले पनि माया गरी मेरी मैले जातकुलमा व्या गरेको रैछु नातिनी बुहारी बल्ल मला स्वास्नीमा कुरा सुनेर आमाला हेला गरो भनेर मेरो ज्याद्द्रै हिंसा भथ्यो विजेत भथ्यो । बल्ल मैले बुहारी ल्याएछुर इज्जत रहनी भयो रचावास् भनेर छाती हानो ।

स्रोत : मानकुमारी कँडेल

गुल्मी दिगाम छत्रकोट गाँउपालिका ४

वर्ष ६९

## ३.४ सुन्केसरी मैया

अनि कपाल कोर्दै रैछ त्यो कपाल रैछ त्यो हराउँछ । सुन्केशरी नुहाउन गइछन् । उनको सुनको एउटा कपालको गुजुल्टो रैछ त्यो गुजुल्टो के हो ? कसैलाई थाहा थिएन । त्यो जान्नका लागि धेरै छलफल भयो ।सनुकेशरी मैँया व्या गर्न दिने भए मैले गर्छु भनेर भन्यो ।

ओर्लन ओर्ल सनुकेशरी मैया बिहेको लगन टर्योनिहै,

बाउ भन्नेलाई ससुरा भन्नुपर्यो डुम्म छाती हानी मरुनी है

ओर्लन ओर्ल सनुकेशरी छोरी बिहेको लगन टर्यो निहे है,

आमा भन्निलाई त ! सासु भन्नुपर्यो डुम्म छाती हानी मरुनीहै

ओर्लन ओर्ल सनुकेशरी बैनी विहेको लगन टर्यो निहै

दाइ भन्नेलाई त जेठाजु भन्न परो डुम्म छाती हानी मरुनी है

ओर्लन, ओर्ल न सुनकेशरी बैनी विहाको लगन टरोनि है

दाइ भन्नेलाई त स्वामी भन्न परो डुम्म छाति हानी मरुनी है

सुनकेशरी दिदी रुखमा थिइन् । भाइलाई साह्रै भोक लागेछ । ओर्लन, ओर्ल दिदी भनेपछि भाइको टिठले दिदी भइमा ओलिन् । ओर्लेर दुई दिदीभाई मिलेर जङ्गल खनेर थापर छरे भोक लाओ दिदी भन्दा थापर छर्छु र भनिन् थापर उम्रन्छन् र भनिन् थापर फलेर दुई बहिना मिलेर रोटी बनाएर खाएर आ$^{0}$नो नातो साइनामा व्या गर्न हुने हैन्च भन्ने भएछ र नाता साइनामा व्या गर्न छोडेका । दुई बहिना मिलीजुली बसे । उन्लाई सरापेर चार जना मरे ।

नमकला पन्त

गुल्मी दिगाम छत्रकोट ४

उमेर ५५ वर्ष

## ३.५ लाटो र बाठो

कुनै एउटा गाउँमा ३ जनाको परिवार थियो । दुईवटा छोरा र एक आमा एउटा छोरा बाठो र अर्को लाटो थियो, त्यसपछि लाटो बाठो दुईजना मिलेर खानेपानी गरेर बस्थे । एक दिन त्यो बाठो धानमा पानी लाउन जान्छु भनेर भनेको थियो । आमालाई न्वाइदेस् तातो पानी तताएर तातो र चिसो मिलाइएर भनेर भनेको थियो भाइसँग दाइले । भाइले तातो पानी भल्काएर पहिला तातो पानी खनाइदियो त्यसपछि चिसो पानी खनाइदियो । पहिला तातो भल्केको पानी खनाइएकोले आमाको शरीर जल्यो  चिसो पानी खन्याइदियो त्यसकारण आमाको मुत्यु भयो । पछि साँझ दाइ घर आयो र भाइलाई आमालाई न्वाइदिस् भनी सोध्यो । अँ न्वाइदे आमा त मस्त निद्रामा हुनुन्छ भनेर दाइसित भन्यो । त्यसपछि गएर हेर्दाखेरी आमाको मुत्यु भइसकेको थियो । त्यसपछि दाइ आएर हेर्‍यो । अर्को दिन दुबैजना काजक्रिया गर्न बसे । काजक्रियाको समय भेइयो पछि दाइले धेरै काम गर्न परो भाइको हेरचाह गर्न पाएन त्यसपछि दाइले आ^०नो बिहे गरेर भाउजु ल्याएर तो भाइको हेरचाह गर्ने निधो गरेर पछि व्या गर्न गयो । त्यसपछि अँ फेरी धान फल्ने बेला थ्यो दाइले बारीमा काम गर्ने । भाइला बेसी पठाउनु पर्‍यो । त्यसपछि भाइलाई धान ढलेको जति लहुराले उठाएर आ भनी खेतमा पठायो । त्यसपछि हुन्छ भनी घर छोडेर बेसीतिर हिँड्यो । बेसीमा धान झुलेको रैछ अलि-अलि केही धान ढलेको थियो त्यसपछि तो धान ढलेको नि झुलेकोनि एउटै एउटैतिर जान्छ त्यसपछि लौराले ठटाएर झन् हानेर धान झारेर जतातते फिजारो । साँझखेर भाइ घर गएछ क्यारे घर गएर दाइले सोध्यो धान कस्तो भएछ भाइ भनेर सोधेपछि भाइले भन्यो सबै धान सुतेकोथ्यो उठाएर आएँ भने । त्यसपछि यस्ले कस्तो हेरेहोला भन्दै अर्को दिन दाइ खेतमा गए त्यसपछि गएर हेर्दा त धानभरि सबै झाटेको रैछ त्यसपछि फेरी रोपाइँ गरे च अर्को रोपाइ गर्दाखेरी फेरी त्यही भाउजुलाई पकाउने उर्ने गर्न लाईदेछ । फेरी अर्को धान हेर्न गएच अर्को धान हेर्न जाँदा खेरी फेरी त्यो धान हेरेर पानी लाएर आएछ त्यसपछि पछि फेरी गाउँघरको चलन भाउजुमा साउन बार्नी, के-के बार्ने हुन्छ नि त्यसमा पठाएचन् त्यसमा पठाएपछि भाउजु माइत गइछिन् । भाउजु गएको पन्ध्र सोह्र दिन भएको रैच । भाइले फेरी म जान्छ भाउजुलाईलिन भन्दै जा भन्दै गएच । काफलको रुखमा चढेर काफल र केरा खाँदै गएच जङ्गलको बाटो त्यसपछि भाउजूको घर नजिकै बसेछ कुक्रुक्क परेर । माथिबाट पानी फालिचन् त्यसपछि त्यो देवरला परेच । देवरला परेपछि माथि रैच कल्ले के फालो भन्दै हेरेच । हेर्दाखेरी भाउजूला देखेच भाउजूले पनि देखिचिन् त्यसपछि हे देवरला पानीले छेपेच भनेर भनी । त्यसपछि नन्वाको धेरै दिन भाक्यो

। भाउजू आज न्वाइदिउ । घर जाम हिड भनेछ राती राती त के जाने कुरा हुन्थ्यो र बाटो चिफ्लो हुन्छ के के हुन्छ भोली जानी भनेर बसेछन् त्यहीँ बस्नी उनी फलफूल सलफूल सबै खाने उर्ने गरेचन् । अर्को दिन व्यान्नै उठेर भाउजू घर जाम भनेच । त्यसपछि तिनी दुवैजना घर जान लाएचन् । घर जान लाएपछि त्यो देवरले बाटामा आफूले काफल खाँदै आएको बाटो गएचन् त्यही बाटो देखेको छु भन्दै लएच लएपछि त्यहीबाटो गएचन् देवर र भाउजू भएर त्यसपछि त्यो गएच बाटामा भोक लाओ भाउजु केर टिप्दिउ भनेच केरा टिपिछन् । लगेको केरा कुराउनी पनि सब्बै खाएच । त्यसपछि माथि पुग्दा काफलको बुटो देखेच त्यसपछि कस्तो काफल खानी मनलाछ काफल टिप्दिउ भाउजू भनेछ । त्यसपछि अँ मैले टिप्नसक्दिन रोक्नु त तल झरेका एस्ता कोएका नखानु कोएका खाँदैथ्यो । कोएका नखानु मैले टिप्दिन्छु रुखमा चढेर भनिचिन् त्यसपछि ल टिप्दिउ जाउ भनेच त्यसपछि भाउजू रुखमा चढ्न लाइचे त्यसपछि त्यो लाटो वरिपरी घुमेको रैच त्यतैतिर काफलको रुखतिर कुटातिर पुग्दा एउटा कटेराम बन्चरो देखेर बन्चरो लगेच । भाउजूको बीचबाटोमा चुन्डि अड्केच भाउजू माथि जान सकिन्छन् त यस्ता पाराले त कति ढिलो हुन्च भाउजू तपाई नचड्नु मैले यहीँबाट काट्नु छिटो छिटो नि हुन्च धेरै खाननि पाँइन्च भनेच त्यसपछि त्यो रुख फेदबाट वन्चराले काटेच । काटेपछिभाउजू गुल्टेर तल पुगिचिन् तिनी लास्टै घाइते भइचिन् । घाइते भएपछि त्यसले काफल खाँदैरैच । काफल खाने लोभमा भाउजूलाई नि गुल्टाएच । काफल खाएच र भाउजूले ल्याको सबै चिज खाएच तल गएको देखेर भाउजूलाई बोलाएच अझै बोल्दिनउ भनेर कराएच भाउजू त मरेकी कसरी बोलुन् र पछि फेरी गएच र भाउजूको टाउको काटेर झुण्डाएर लएच तल कराइमा काटेर झुण्डाएर लएपछि घर लगेर आगो बाल्देच तल कराइमा तेल बसालेच टाउको माथि झुण्डाएच । साँझ दाइ आएच बेसी कामबाट भाउजूला ल्याइस् भनेर सोदेच के गर्दैछे भाउजूले भनेर दाजुले सोधेच । भाउजूले पकाउँदैछिन् भनेर रेडियो सुन. भनी रेडियो बाहिर लेइदेच । रडियो बाहिर ल्याइदिएपछि दाइले रेडियोमा गीत सुन्दै बसेच पाँच मिनेट बस्यो दश मिनेट बस्यो बस्दा बस्दै आदा घण्टा वितेच । यतिबेलासम्म त खाना बनाउँथि सधैं आज किन ढिला गरी भनेचा पछि फेरी गएर हेरेच किन बोल्दिन बोलाउँदानी यो त बोली राख्ने मान्छे हो भन्दै गएच त्यसपछि गएसि भाउजूले पकाउँदै हुनुन्चके दाइ वस् भनेच त्यसपछि त्यसको रगतले कराइमा चरचर गर्दै रैच त्यसपछि पकाउन लाइहोली अझैनी भेइने होनी भनेर वजेच भनेर बसेच । यसै गर्दागर्दै आदा रात वितेच ल झर्न नि सकिन्चे, होइन यस्ले लास्टै पकाउन लाइचे कि के हो ?के के पकाइ भनेर गएर हेर्दा त भाउजूलाई नि मारेको पछि

फेरी त्यसको त काजक्रिया गरेर सबै काम भ्यायो । त्यस पछि आ^०नो काममा धेरै सोच्नुपर्‍यो यसले गर्दा आमानि मरिन् यसकी भाउजूनी मरी भन्यो यो पाराले भएन सहरतिर गएर काम गर्न परो यस्तो एक्लो जिन्दगी कसरी कटाउनी यस्ले गर्दा धेरै दुःख भयो । यसैको हेरचाहको लागि भाउजु ल्याइदेथे भन्दै सोच्दै धेरै पछुताएच । यसरी चल्दैन यो पाराले भएन काम गर्न परो यस्ले यतै गरेर खाला भन्दै गएच । गएपछि दाइले सहरमा गएच सहरमा गएपछि मासु पसल डेरी खोलेर बसेच । त्यसपछि भाइले थाहा पाएच एक दुई महिनापछि भाइनि गएच । दाइले सधैँ राम्रो गरे मासु काट्ने दुध डेरी चलाउने गर्दो रैच । भाइ गएच भाइले बाटोमा कुकुर देखेच ए कुकुरला पनि काटेर मासु बेच्न परो कुकुरको नि मासु कति बिन्चरे भने गएच र मैले पनि दोकान खोल्चु दाइलाई जितेर देखाउँचु भनेच । त्यसपछि घर दाइले मलाई एक्लै छोडेथ्यो घर सम्पत्ति बेच्चु, धाँतो बेच्चु, आमाका कपडा नि बेच्चु सब्बै बेच्चु भनेच । त्यसपछि धाँतो, ढिकी सबै बेचेर अलिकति पैसानि लेर गएच, दाइकोदेखि एतापट्टि पसल खोलेच मासु पसल खोलेच खुकुरी सबै लिएर गएच । त्यसपछि बाटाको कुकुर देखेच कुकुर लाँदै पछाडि घरतिर लाँदै काट्दै गरेर बेच्नेरैच र त्यसै गरेर व्यापारी ठग्दो रैच । त्यसपछि एकदिन त त्यसको पसल त राम्ररी चलेच दाइको चलेन्च । त्यसपछि यस्ले कति बेच्न सक्ने रैच यसैला राख्न परो भनेर भाइलाई फकाइ फुलाइ गरेर भाइको नि हेरचाह गर्ने आफूले नि अरु अरु बिज्नेस गर्न परो एक्लैले पनि अलि चलेन भन्दै गर्रेचन् । त्यसपछि अर्को दिन नि कहिले बिरालो कहिले कुकुर के लेरार काट्ने दाइलेदेको पैसा नि नसमात्ने गर्तोरे एकदिन फेरी त्यसले बिरालो लेराको देखेचन् त्यही किन्न आउने कस्टमरहरूले त्यसपछि यस्तो त बिरालो काट्च यस्का त दोकानमा जान हुन्न भनेचन् । जाने मान्छे ला नि हिजो अस्ति कुकुरको खाइउ आज मेरा दोकानमा आउन्नौ भनेच । त्यसपछि पहिले किन्न आएका मान्छे नि आएचन् हामलाई यस्ले भ्रुकायो साच्चि हो कि के हो ? भनेर हेर्न जाँदा पछाडि काट्दै रैच । साच्चै रैच यस्ले हाम्लाई ठगो यस्को दाइ नि ठग हो पहिल्लै हाम्ला भ्रुकायो । उस्ले भन्दा यस्ले राम्रो ल्याउँछ भनेर आइयो । दुधमानि पीठो घोल्ने नचाहिने काम गरो त्यो दोकान नि डुबाएर बसेको रैच । पहिला-पहिला त कस्तो राम्रो दुध हुन्थ्यो यस्को दाइले बेच्दा त यस्ले बेच्दा किन यस्तो भयो ? भनेर हेर्दा त कहिले पीठो घोल्ने, कहिले सोडा घोल्ने, कहिले सेतो केको चोप घोल्ने गर्ने रैच दुधमा फेरी ल्याक्टोमिटरले नाप्ने रैन्चन् त्यसबेला त्यस्तो प्रविधि नभएर होला । त्यो उमाल्दा नि कस्तो अर्कै अर्कै हुन्थ्यो रे तैरिने कहिले पीठो तल दुध माथि हुनी कहिले पानी पानी हुन्थ्यो रे । त्यसपछि त्यो पनि छानबिन गरेचन् ति दोकानमा किन्न आउने कस्टमरले पहिला पहिला

कति राम्रो हुन्थ्यो अहिले यस्तो किन भयो यो दोकान नि बिग्र्यो भनेचन् । कोठा लेर बसेको घरभेटीला नि फोहोर गर्ने धेरै सताउने गरेच । त्यसपछि त्यो घरभेटी र गाउँका मिलेर भाडामा बस्ने नदिने भनी कुटेचन् कुटेपछि भाइ हो जे भा पनि घर सङ्गै लएर खेतीपाती गरेर बस्छु भनेर गएचन् घर जाँदा घर जाने बाटो बिर्सेचन् बाटो विर्सेपछि एउटा जङ्गलका बिचमा घरथ्यो रे त्यस घरमा बास बस्न परो भन्दै सोधेचन्, तिनीहरूले पनि यिनीहरू त दुध बेच्ने मान्छे हुन् यी दुई भाइले नै ठग्चन् यि त चोर हुन् भनेर बास बस्न देन्चन् । त्यसपछि त्यहाँ बन्चरो देखेच लाटाले त्यही बन्चराले आफूले आफैला टाउमा हानेर मेरच । त्यसपछि बाठोले भाइ पनि मेरो हाम्रो परिवार नि सबै सकियो अब के गर्नेहोला भनेर सोचेच । उस्ले धेरै धेरै दुःख पाइच । पहिला आमालाई नि मारो खेत बारीमा एक वर्ष खान पुग्थ्यो त्यो नि भएन जे परेनि सहन पर्ने रैच भन्दै-भन्दै घर पुगेच । घरजाँदा त उस्को घरमा अरु मान्छे रैचन् यो त तेरो भाइले बेचेको हो त्यही खेत तेरो नामा छ क्या हो अरु त सबै हाम्रो नाममा छ भनेचन् । त्यसपछि यसैले आमालाई नि लयो भाउजूलाई नि लयो, आफूनि गयो अब मेरो क काम भनेर रुँदै रुँदै बाटोमा हिँडैच बाटोमा हिँड्दा पनि त्यस्ला कसैले दया गरेन्चन् सबैले चोर भन्दै गाली गरेछन् । लास्टमा पागल जस्तै लास्टमा न घर भो न केही भो भन्दै खाली एक्लै बोल्दै हिँड्थ्यो रे ! एक्लै बोल्दै बोल्दै हिँड्ने खान नि कसैले खाना नि दिन्नथे रे लाका कपडा एकजोर मात्र थियो एकजोर कपडाले कति दिनलाई होस् र ! सधैँ भरी खान नि पाएन एकदिन धेरै प्यास लागेचरे । त्यसपछि जे परी परी जङ्गलको बाटो जान्चु जसरी तसरी बाँच्नु त परो भनेर जङ्गलको बाटो कुवामा पानी खान गएच जङ्गलको बाटो जाँदा जङ्गलको बीचमा ठूलो ओडार रैच त्यहाँ बाघको बथानै बस्थो अरे । त्यो बाघ नि एकदिन सिकार गर्न जाँदा जङ्गलमा केही देखेनच । त्यो मान्छेलाई देख्दा खुशी भएच । त्यसुपछि त्यो फलफूलको रुखनि त्यही ओडारनिरै थ्योअरे । फलफूल टिपे्च फलफूल खाएच । त्यो मान्छेले त्यो मान्छेका पछि पछि बाघ लागेको रैच । बाठाले कुवामा पानी पिन लागेको बाघले पछाढिबाट खाएच । त्यसपछि बाठो नि मरेर त्यसपछि लाटो र बाठाको परिवारै सिद्दिएच ।

महिमा कडेल

गुल्मी दिगाम छत्रकोट ४

उमेर ३५

## चौथो परिच्छेद

# गुल्मी जिल्लाको छत्रकोट गाउँपालिकामा प्रचलित लोककथाको विश्लेषण

## ४.१ विषयपरिचय

लोककथा नेपाली साहित्यको महत्वपूर्ण गद्य विद्या हो । लोककथाहरू समय, स्थान र जातजाति अनुसार फरक फरक प्रकृतिका हुन्छन् । यहाँ गुल्मी जिल्लाको दिगाम छत्रको गाउँपालिका चारमा प्रचलित लोककथाहरूलाई लिएर अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

लोककथा कुनै शास्त्रीय नियममा नबाँधिई लोकमानसमा जन्मी हुर्कदै आएको निकै प्राचीन विधा हो, लोककथा स्वतन्त्र रूपमा सिर्जना भएको हुँदा यी कथाहरू सरल, सहज, वोधगम्य भाषामा रचना गरिएको हुन्छ । लोककथा असचेत अवस्थामा रचिए पनि यसमा लोकका आवश्यक तत्वहरूको संयोजन भने अवश्य नै हुन्छ । लोककथाका तत्वहरूमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली आदि पर्दछन् । लोककथाका तत्वहरूलाई राम्रोसँग संयोजन गर्ने सके मात्र लोककथा आकर्षक, रोमाञ्चकपूर्ण हुन्छ भने राम्रोसँग संयोजन गर्न नसके लोककथा कमजो र अलोकप्रिय हुन्छन् ।

प्रस्तुत अध्ययन पत्रमा सङ्कलित लोककथाहरू पनि लोककथाका आधारभूत तत्वले सङ्गठित छन् । यी सङ्कलित लोककथाहरूलाई यिनै तत्वहरूकथानक, उद्देश्य, पात्र, भाषाशैली, परिवेश, निष्कर्षका आधारमा परिच्छेद तिनमा सङ्कलित लोककथाहरूको विश्लेषण गरिएको छ ।

## ४.२ लोककथाको विश्लेषण

गुल्मी जिल्लामा प्रचलित पाँच ओटा लोककथाहरूलाई लिएर यहाँ तत्वगत आधारमा विश्लेषण गरिएको छ । उक्त पाँच कथाहरू यस प्रकार रहेका छन् :

(१) न भाई न पाई लोककथा

(२) टुहुरी र सौतेनी आमाको लोककथा

(३) बुढी बाँध्ने साङ्लो लोककथा

(४) सुन्केसरा मैयाँ लोककथा

(५) लाँटो र बाँठो लोककथा

### ४.२.१ न भाइ न पोइ

न भाइ न पोइ शीर्षकको एकातिर हाम्रो समाजमा रहेको रितीथिती चालचलन नातागोतालाई सङ्केत गर्दछ भने अर्कोतिर शीर्षकले प्रतिकात्मक अर्थमा हतारमा गरेको कार्यले कुनै नाता नरहन  पनि सक्छ भन्ने बोध गराउँदछ । यद्यपी कथाको अध्ययनबाट कुनै कार्य गर्नुभन्दा अगाडि सोचविचार नगरी गरेको निर्णयले कहिलेकाहीँ मानवको जीवन अन्धकारमय हुनसक्छ ।

**(१) कथानक**

प्रस्तुत कथा सामाजिक लोककथा हो । यो कथा गुल्मी जिल्लाको दिगाम छत्रकोट चार गाउँपालिकामा प्रचलित लोककथा हो । यस कथामा हतारमा गरेको कार्यले मानव जीवनमा उथलपुथल ल्याउन सक्छ । निर्णय लिनुभन्दा अगावै राम्रा, नराम्रा पक्षको विश्लेषण गर्नुपर्दछ भन्ने कुरालाई देखाउन खोजेको छ । प्रस्तुत कथामा सूर्यनारायण पक्षका छोरा रामनारायणको बिहेवारीको प्रसङ्गबाट कथानकको प्रारम्भ भएको मानिन्छ । यस कथामा सूर्यनारायण पन्तको छोरा रामनारायणको केटी खोज्ने मान्छे नहुँदा उमेर ढल्केको र अर्को बिहे गर्ने खोजी केटी खोज्न हिड्दा गुल्मीबाट अर्घाखाँची पुग्दा सूर्यनारायण पन्तका साथिकी छोरी भेटी बिहेवारी गर्नु कथानकको विकासको अवस्था हो । बेहुलीलाई घरमा लगि आफ्नो कर्तव्य पुरा भएको, सुपादेउरालीलाई भक्कल गरेको वाचा वाचा पुरा गर्न सुपा देउराली पुगि शिर छेदन गर्नु, सालो भिनाजु खोज्न जाँदा भिनाजुको शिरछेदन गरेको अवस्था परिवारलाई सुनाउन नसकी आफूले पनि देउरालीमा शिर छेदन गर्नु र बेहुली खोज्दै जाँदा भाइ र बुढालाई शिर छेदन गरेको अवस्थामा देखि भावविहल बनी आफू पनि मर्न तयार हुँदा सुपादेउराली माताले शिखर जोडिप्राणदान दिने कुरा गर्दा शिर जोड्ने क्रममा श्रीमान्को शिर भाइको शरीरमा र भाइको शिर श्रीमान्को शिरमा जोड्नु कथानकको अन्त्य अवस्था हो । यसरी प्रस्तुत कथा आदि, मध्य र अन्त्य शृङ्खला मिलेको सामाजिक लोककथा हो ।

(२) **चरित्र वा पात्र**

प्रस्तुत कथामा मानवीय र मानवेतर पात्रहरूको प्रयोग गरिएको छ । यस कथाको मुख्य पात्र रामनारायण हो । रामनारायणबाट कथाको सुरुवात र अन्त्य भएको छ । सहायक पात्रका रूपमा सूर्यनारायण पन्त, रामनारायणकी श्रीमती, सालो रहेका छन् भने गौण पात्रका साथै समयलाई चिन्न नसक्दा पछुताउनु परेको छ । समाजमा सहयोगी नहुँदा कुनै काम रोकिन सक्छ । अतः समाजका घट्न सक्ने वा घट्ने घटनाका माध्यमबाट मानिसमा मनारेञ्जन प्रदान गर्नु र मनारेञ्जनकै माध्यमबाट सामाजिक सरसहयोगको शिक्षा प्रदान गर्नु प्रस्तुत लोककथाको उद्देश्य रहेको छ । यस कथामा मुख्य पात्र सहायक पात्र प्रतिकुल, अनुकुल, बद्ध, मुक्त, गौण आदि प्रकारका पात्रहरूको प्रयोग गरिएको छ ।

(३) **परिवेश**

यो कथा ग्रामीण परिवेशमा रचना गरिएको कथा हो । यस कथामा गुल्मी जिल्ला छत्रकोट गाउँपालिका चारमा प्रचलित परिवेश रहेको छ ।

(४) **उद्देश्य**

प्रस्तुत लोककथामा सूर्यनारायणको एक रामनारायण छोरा भएको बिहे गर्ने रहर हुँदा पनि बाउन्न वर्षसम्म कोही लमी नहुँदा बिहे गर्न नसकेको र गरिसकेपछि आफ्नो वाचा पुरा गर्न देउराली मन्दिरमा आस्था र विश्वास रहेको र मन्दिरमा गई आफ्नो शिर छेदन गर्नाले सामाजिक अन्धविश्वास र धार्मिक विषयको कुरामा विश्वास रहेको देखाउनु यसको प्रमुख उद्देश्यहो । हतार गरेर काम गर्दा पछुताउनु पर्ने, समयमा बिहे गर्नुपर्ने मान्यता यथावत रहेको र सामाजिक सहयोग नहुँदा काममा अवरोध हुनसक्ने अवस्थालाई देखाउनु यसको उद्देश्य रहेको छ ।

(५) **भाषाशैली**

न भाइ न पोइ लोककथास्थानीय भूभागमा रचना गरिएको उक्त कथा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई अझै रोचक बनाएको छ । ओछेन, नगरेसी, भओरा, सोधनी पुछनी जस्ता कथ्य भाषाको प्रयोग भएका छन् ।

(६) **निष्कर्ष**

यो कथाको ग्रामीण परिवेशलाई लिएर कथानक तयार गरिएको छ । यस कथाको मुख्य पात्र रामनारायण हो । यसको उद्देश्यले हाम्रो समाजमा सरसहयोग नहुँदा मुख्य काम पनि रोकिन सक्छ भन्ने यथार्थ विषयलाई देखाइएको छ । उचित समयमा सही निर्णय लिन नसक्दा पछुताउनु पर्दछ । यसकारण आफूले लिएको निर्णय र हतारिएर गरेको कामले पछुताउनु नपरोस् भन्ने सन्देश दिएको छ ।

### ४.२.२ टुहुरी र सौतेनी आमा लोककथाको विश्लेषण

टुहुरी र सौतेनी आमा शीर्षकले सौतेनी छोरी र आफ्नो छोराछोरीलाई समान व्यवहार गर्नुपर्ने सन्देश दिन्छ । टुहुरीलाई पेटभरी खानाखान नदिने सौतेनी आमाले आफ्ना छोराछोरीभन्दा सौतेनीकी छोरी मोटी दोखेर सौतेनी छोरीको भेडा मार्ने षड्यन्त्र गर्ने सोतेनी आमाले पाछि सौतेनी छोरीको सुन देखेर माया गरेको देखाइएको छ । यसले मान्छेमा भगवान्ले कुनै न कुनै उपाय दिएर पठाएका हुन्छन् भन्ने कुरालाई लक्षित गराएको छ । शीर्षक र कथावस्तुका बिचमा तालमेल देखिन्छ ।

**(१) कथानक**

प्रस्तुत लोककथा प्रस्तुत लोककथा गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका चार क्षेत्रमा प्रचलित सामाजिक यथार्थ वादी कथा हो । यस कथामा सौतेनी छोरी र आफ्ना छोरा छोरीप्रतिको विवेधलाई देखाइएको छ । सौतेनी आमाले सौतेनी छोरीलाई खान लगाउन नदिँदा पनि आफ्ना छोराछोरीभन्दा मोटीघाटी देखेपछि किन ?कसरी यस्तो भयो ? भनी खोजी गरेको अवस्था नै कथाको आरम्भ विन्दु हो । सौतेनी आमाले सौतेनी छोरीले पालेको भेडाले सौतेनी छोरीलाई खान लाउन दिएको जानकारी पाएपछि त्यो भेडालाई मार्ने षड्यन्त्र रचेको अवस्था नै कथाको विकास अवस्था हो । भेडो मारीसकेपछि सौतेनी छोरीले फालेको भेडाको हड्डीबाट सुनको मौलो कसैले भाँच्दा नभाँचिएको र सौतेनी छोरीले भाँच्दा भाँचिएको देखि सौतेनी छोरीको दुराअवस्थालाई देखाउने चेष्टा गरिएको छ । आमाले आफ्नो सन्तान सरह मायाममता दिनु पर्दछ वा सौतेनीका सन्तान बिच विभेद गर्नुहुँदैन भन्ने सन्दर्भलाई प्रस्तुत लोककथाले बताएको छ । यस कथाको कथानक आदि, मध्य र अन्त्यको अवस्था मिलेको छ ।

**(२) चरित्र वा पात्र**

प्रस्तुत कथामा मानवीय पात्रका रूपमा सौतेनी आमा, सौतेनी छोरी, सौतेनी आमाका छोराछोरीहरू, धामी, सौतेनी छोरीले पालेको भैँडा जस्ता चरित्र आएका छन् । यस कथाको घटनालाई अगाडि बढाउने पात्रका रूपमा सौतेनी आमा आएकी छ । सौतेनी छोरी के कारणले मोटाइ भन्ने जान्ने उत्सुकता सौतेनी आमामा जागेको छ । उसले पालेको भेडाले उसलाई लाउन खान दिएका कारण मोटाएको चाल पाइ आफू बिरामी भएको बाहना बनाइ भेडो काटेर खाएपछि निको हुने षड्न्त्र गरी काट्न लगाउने डाडी दयाहिन् मातृत्व नभएकी महिलाका रूपमा चित्रित छ । सौतेनी छोरी सत् पात्र हो । भेडासँग कुरा गरी सल्लाह लिइ भेडाको मासु नखाने बुद्धिमानी पात्रका रूपमा चित्रित छ । सौतेनी आमाका छोराछोरी गौण पात्र हुन् सौतेनी आमाले आफ्ना छोराछोरी दुब्ला पालता र सौतेनीको छोरी मोटी भएको सन्दर्भमा आएका छन् । भेडो आफूलाई मार्ने निश्चित हुँदा पनि सौतेनी छोरीलाई सल्लाह दिने निडर चरित्र हो । भेडा मानवेतर प्राणी नभएतापनि मानवीय भूमिका खेल्ने पात्रका रूपमा चिरित्रका रूपमा उभिएकोछ । यी सबै चरित्रका माध्यमबाट कथावस्तु

पूर्ण र रोचक बनेको छ । यस कथाकी मुख्य पात्र सौतेनी आमा र सौतेनी छोरी हो । यी पात्र वद्ध पात्र हुन् ।

(३) **परिवेश**

प्रस्तुत लोककथा ग्रामीण परिवेशमा रचित कथा हो । सौता हाल्नु, सौतेनी आमाले आफ्ना छोराछोरी र सौतेनी छोरी बिच विभेद गर्नु यी सबै ग्रामीण परिवेशभित्रका कुराहरू हुन् । सौतेनीकी छोरीले भेडा पालेकी त्यो भेडाले सौतेनी छोरीलाई पालेको देख्न सहन नसक्ने सौतेनी आमालाई देखाउनु र धामी झाक्रीले रोग निको पार्छ भन्ने अन्धविश्वास देखाएकोले यो कथा ग्रामीण परिवेशको भएको जानकारी हुन्छ ।

(४) **उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा दिनु हो भने गौण रूपमा मनोरञ्जन प्रदान गर्नु हो । सौतेनीका छोराछोरी र आफ्ना छोराछोरी बिच विभेद गर्नु हुँदैन । आमा भएपछि प्रत्येक सन्तानप्रति मातृत्वको भाव हुनु जरुरी हुने कुराको पुष्टि गरेको छ ।

(५) **भाषाशैली**

प्रस्तुत लोककथा स्थानीय ग्रामीणपरिवेशलाई समावेश गरी रचना गरिएको कथा हो । यस्ता कथामा स्थानीयपन पनि झल्किएको हुन्छ । सरल, सहज र बोधगम्य रहेको छ । वर्णनात्मक शैलीमा रचना गरिएको लोककथा हो ।

(६) **निष्कर्ष**

टुहुरी र सौतेनी आमाको कथा सामाजिक यथार्थमा आधारित कथा हो । यस कथामा कथानक अनुसारका पात्रको प्रयोग गरिएको छ । यो कथाको मुख्य उद्देश्य आफ्ना छोराछोरी सौतेनी छोराछोरी बीच भेदभाव गर्नुहुँदैन भन्ने नैतिक शिक्षा दिन खोजेको छ । यो ग्रामीण परिवेशमा रचित कथा हो । यो कथा आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रचित छ । यो कथा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरी रैखिक ढाँचामा रचना गरिएको छ । स्थानीय कथ्य भाषाशैलीको प्रयोगले कथा रोचक बन्न पुगेको छ ।

### ४.२.३ बुढी बाँध्ने साङ्लो लोककथाको विश्लेषण

बुढी बाँध्ने साङ्लो लोककथा शीर्षक शब्दले बुढीलाई बानेको साङ्लो वा घर आदिको दैलोमा साँचो लगाउने उद्देश्यले लगाइने फलामको सिक्रीलाई जनाउँछ । बुढाबुढी भएर काम गर्न नसक्ने भएपछि छोरा बुहारीले कतिसम्म गर्न सक्छन् भन्ने कुरा एकातिर देखाइएको छ भने आफ्नो पालो नि त्यही हो भनी नातिनीबुहारीले भनेपछि कसरी परिवर्तन भएका छन् भन्ने आशयलाई प्रष्ट देखाइएको छ । कथावस्तु र शीर्षक बिचमा सामञ्जस्य देखिन्छ ।

(१) **कथानक**

प्रस्तुत कथामा बुढेस्काल लागी केही काम गर्न नसक्दा आफ्नै छोरी बुहारीले पनि साथ दिनुको सट्टा पशुलाई जस्तो साङ्लाले बाँधेर घरको पुजाआजा, विवाह, बर्तवन्ध जस्ता धर्म संस्कृतिबाट टाढा राखिन्छ भन्ने कुरा बुढीलाई बाखा बाँध्ने खोरमा लगेर बाँधेर राखेको प्रसङ्गबाट कथाको आरम्भ भएको छ । बुढीलाई खोरमा बाँधेर राखेको देखी को हो ? भनी चिन्न बुझ्न् खोजी, चिनजानपछि बुढीको साङ्लो फुकाइ भित्र पसेको प्रसङ्गबाट कथानकको बिस्ता भएको छ । नातिनी बुहारीले स्याहार सुसार गरेको देखेर त्यही साङ्लोले सासु समुरालाई बाँध्नुपर्ने कारण साङ्लो सुरक्षित राख्नुपर्ने नातिनी बुहारीको कुराले सासु बुहारी परिवर्तन भएको देखाइ कथाको अन्त्य भएको छ । परिवारमा अन्जानमा भएका गल्तीलाई अर्कोले सुधार्नुपर्छ भन्ने कुरा लोककथामा व्यक्त भएको छ । कथानक रोचक र प्रस्तुत कौतुहलपूर्ण बनेको छ ।

(२) **चरित्र**

प्रस्तुत कथामा मानवीय पात्रहरूलाई सहभागी गराइएको छ । यस कथामा बुढीसासु, सासु, ससुरा, नाती, नातिनी बुहारी र छिमेकी जस्ता पात्रहरूको प्रयोग गरिएको छ । यहाँ मुख्य पात्रका रूपमा बुढीको उपस्थिति रहेको छ । नपाएकी पात्र हुन् । छोरा बुहारी कठोर निदर्यी पात्रका रूपमा चित्रित भएका छन् आफ्ना छोरा बुहारीको कुराले परिवर्तन भएकाले गतिशील सहायक पात्र हुन् । नाती र नातिनी बुहारी पनि सहायक पात्र नै हुन् यहाँ गौण पात्रको प्रयोग गरिएको छैन । नाती र नातिनी बुहारीले सासु ससुरालाई परिवर्तन गराई बुढीलाई सेवा गरेको देखाएकाले प्रगतिशील, सहयोगी मानवीय चरित्रका रूपमा लिन सकिन्छ । नकारात्मक सोचाइले गर्दा बुढीले बाँधिनु परेको छ । पछि नातिनी बुहारीले आँखा खोल्दिएपछि पछुताएको र परिवर्तन भएको पाइन्छ । उल्लिखित चरित्रका माध्यमबाट घटनाले उत्कर्षको रूप धारणा गरेको छ भने कथानक रोचक र कौतुहलपूर्ण बन्न गएको छ ।

(३) **परिवेश**

प्रस्तुत लोककथा ग्रामीण परिवेशमा रचित कथा हो । सासु र बुहारी बीचको बेमेल भएको र सामान्य कुरा जस्तै फोहोर हुन्छ भनेर सासुलाई लगेर बाखा बाँध्ने खोरमा थुनेको र नातिनी बुहारीको कुराले आँखा खुलेको देखाइएको छ । कथामा साङ्लो, बुढी, खोर, सासु, बुढी सासु, ससुरा जस्ता शब्दले ग्रामीण परिवेशलाई प्रष्ट पारेको छ । प्रस्तुत लोककथामा गुल्मी जिल्लाको छत्रकोट गाउँपालिका चारमा प्रचलित भाषिकाको प्रयोग भएको छ । यी सबै परिवेशले प्रस्तुत लोककथालाई परिपाकको स्थितिमा पुऱ्याइएको छ ।

(४) **उद्देश्य**

प्रस्तुत लोककथाको मुख्य उद्देश्य नैतिक शिक्षा र मनोरञ्जन पैदा गर्नु रहेको छ । यस कथाकी पात्रले खोरमा थुनिएर पशु जीवन बिताउनु परेको अवस्थाबाट सबैलाई सचेतनाको आह्वान पनि गरिएको छ । सबै मानिस बुढाबुढी भइन्छ नसक्दा परिवारले माया दिनुपर्दछ सबैको त्यो अवस्था आउँछ भन्ने कुरालाई कथाले देखाएको छ । अन्जानमा गल्ती हुन्छ तर गल्तिलाई निरन्तरतादिएर गल्ति दोहोर्‍याउनु हुँदैन भन्ने सन्देश दिनु यस कथाको मुख्य उद्देश्य हो ।

(४) **भाषाशैली**

प्रस्तुत लोककथा सरल, सहज र बोधगम्य भाषाशैलीको प्रयोग गरी रचना गएिको छ । यो कथामा स्थानीयभाषाको प्रयोग भएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक तुल्याएको छ । वर्णनात्मक शैलीमा रचना गरिएको छ ।

(५) **निष्कर्ष**

यो लोककथाले बुढाबुढी भएपछि आफू निश्क्रिय भएपछि घरपरिवारले समेत कस्तोदृष्टिले हेर्दछन् भन्ने कुरालाई देखाएको छ । यस कथामा बुढी मुख्य पात्र हो भने बुढीकी बुहारी छोरा, नाती, नातिनी बुहारी सहायक पात्र हुन् भने जन्ती छिमेकी अन्य गौण पात्रका रूपमा रहेका छन् । यस कथाको मुख्य उद्देश्य सबै मानिसको बृद्धा अवस्था हुने भएकाले बुढाबुढीलाई काम गर्न नसक्ने र फोहोर गरे भनेर हेला गर्नुको सट्टा माया र सम्मान दिउँ भन्ने रहेको छ । यो कथा गामीण परिवेशमा रचना गरिएको सामाजिक यथार्थवादी कथा हो । यो कथामा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ ।

### ४.२.४ सुन्केसरा मैयाँ

सुनकेसरा मैयाँको कथामा पौराणिक तथा ऐतिहासिक सन्दर्भलाई समावेश गरिएको छ । यस कथाको अध्ययनले लेखेको कुरा कसै गरी नमेटिने, हुने कुरा भएरै टर्ने, भोग्नु नै पर्ने कसैले मेटाउन नसक्ने हिन्दुहरूको भाग्यवादी सोचलाई सङ्केत गरेको छ ।

(१) **कथानक**

प्रस्तुत लोककथा गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका क्षेत्रमा प्रचलित पौराणिक तथा ऐ्तिहाासिक लोककथा हो । सुनकेसरा मैयाँको भोगाईलाई देखाइ भावीले लेखेको कुरा मानिस टारेर टर्दैन भन्ने कुरालाई कथाले प्रस्ट रूपमा देखाएको छ । सुनकेसरा मैयाँको लटा रानीले भेटाउनु सुनको लटा रानीले पीर्कामुनी लुकाइ जसले त्यो लट्टा भेटाउँछ उसैसँग सुन्केसराको बिहे गर्दिने प्रसङ्ग नै यस लोककथाको प्रारम्भिक भाग हो । सुनकेसराको लट्टा भाइले भेटाउनु, भाइसँग बिहे गर्नु हुँदैन सोची रुखमा बसी नओलर्नु

आमाले दिदी भाई हुन् भन्ने नचिन्नु यस कथाको विकासको अवस्था हो । रुखबाट ओर्ली कान्छो भाइको स्याहासुसार गरी सँगै बस्नु प्रस्तुत लोककथाको अन्त्य भाग हो । यो लोक कथा चरित्र प्रधान लोककथा हो ।

## (२) चरित्र वा पात्र

यस लोककथामा पूर्वीय मान्यता अनुसारका कुल घरानीय पात्रहरूको सहभागिता रहेको पाइन्छ । यस लोककथाकी प्रमुख पात्र सुनकेसरा मैया हो । सुनकेसराको नामबाट नै यस कथाको शीर्षक राखिएको छ । सिङ्गो लोककथा नै सुनकेसराको सेरोफेरोमा आधारित छ ।त्यसकारण सिङ्गो लोककथा नै चरित्र प्रधान बन्न पुगेको छ । आमाले कपालको लट्टा भेट्टाउनेसँग बिहे गर्दिने वाचा गरेपछि सुनकेसरा घरबाट बाहिर निस्की रुखबाट झरेकी छैन । ऊसँग दिव्य शक्ति रहेको छ । उसले बिहे नगर्ने वाचा गर्दा घरपरिवारका सबैको मृत्यु भई सानो भाइ मात्र बाँचेको छ । उसको चरित्र प्रतिकुल छ । सुनकेसराको कान्छो भाइ सहायक पात्र हो भन्ने उसका बाबु, आमा गौण पात्र हुन् । बाबु आमा दुवैको मृत्यु हुन पुगेको छ । यसरी सुनकेसरा, सुनकेसराका बाबु, आमा, दाई, भाइ आदिको सहभागितालेकथालाई रोचक र गतिशील तथा जीवन्त बनाएको छ ।

## (३) परिवेश

प्रस्तुत लोककथा लौकिक परिवेशमा रचिएको भएतापनि कतिपय प्रसङ्गहरू अलौकिक परिवेशसँग मेल खान्छन् । लौकिक परिवेश अन्तर्गत ग्रामीण परिवेश जस्तो लाग्छ भने अलौकिक रूपमा हेर्दा शहरीया परिवेश पनि पाइन्छ । राजदरबार, सुनको लट्टाको, प्रयोग हेर्दा सहरिया परिवेश जस्तो लाग्दछ । रुखको टुप्पामा चढ्नु, ग्रामीण परिवेश अलौकिक अन्तर्गत पर्दछन् ।

## (४) उद्देश्य

प्रस्तुत लोककथाको उद्देश्य समाजमा विकृति रोकी नैतिक शिक्षा प्रदान गर्नु हो । सोचविचार नगरी गरेको निर्णयले जीवनलाई गलत बाटोतिर पनि डोऱ्याउन सक्छ भन्ने कुरालाई यस लोककथाले देखाउन खोजेको छ । सोचविचार नगरी नगरेको निर्णयले पछुताउनुपर्छ भन्ने कुरा यस कथाले देखाउन खोजेको छ । त्यसकारण सोचविचार गरेर मात्र निर्णय लिनुपर्दछ भन्ने उद्देश्य नै लोककथाको उद्देश्य हो ।

## (५) भाषाशैली

प्रस्तुत लोककथा सरल, सहज र बोधगम्य भाषामा रचिएको लोककथा हो । यो कथा स्थानीय परिवेशमा रचिएकाले स्थानीय भाषिकाको प्रयोग भएको छ । स्थानीय कथ्य भाषाको प्रयोगले कथालाई रोचक बनाएको छ । कथा सङ्गितमय वर्णनात्मक शैलीमा रचना गरिएको छ ।

## (६) निष्कर्ष

सुन्केसरा मैया कथा पौराणिक तथा ऐतिहासिक लोककथा हो । यस कथामा सुन्केसरा मैया मुख्य पात्रका रूपमा रहेकी छ । यो कथा ग्रामीण र सहरिया दुवै परिवेशमा रचना गरिएको कथा हो । यस कथामा शिक्षित, अशिक्षित दुवै प्रकारका पात्रको प्रयोग गरिएको छ । यसको मुख्य उद्देश्य व्यक्ति विवेकहीन हुँदा कसरी दुःख आइलाग्छ भन्ने कुरालाई देखाउनु हो ।

### ४.२.५ लाटो र बाठो

लाटो र बाठो कथा गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका क्षेत्रमा प्रचलित लोक कथा हो । यस कथाको शाब्दिक अर्थले लाटो भन्नाले धेरै सोझा र बाठो भन्नाले जाने बुझेको भन्ने जनाउँछ । लाठो र बाठो पात्रको पात्रको नामबाट यस कथाको शीर्षक रहेको छ ।

**(१) कथानक**

लाटो र बाठो कथामा एउटा पारिवारिक दयनीय कारुणिक अवस्थाको सुन्दर वर्णन गरिएको छ । कथामा लाटो, बाठो, आमा, भाउजू जस्ता पात्रा रहेका छन् । यस कथामा लाटो रा बाठो दुई भाइ हुन् र एउटी बुढी आमा पनि छन् । पछि दाजूँको बिहे गरी भाउजू आएकी छन् । यस कथामा दाजुले भाइलाई काम अहर्‍याउछन् तर भाइले कुनै काम राम्रो गर्दैन हुँदाहुँदै आमालाई तातो पानी तताएर नुहादिनु भनी आफ्नो दैनिकी कार्य गर्न बाहिर निस्केको आउँदा आमालाई पहिला बेस्सरी भल्केको पानीले नुहाइदिइ डढालेछ पछि फेरी चिसो पानी खनाएर ठङ्ठङ्ती पारेर मारेछ आमा खै भन्दा आमा त मस्त निद्रामा हुनुहुन्छ भनेछ दाजु हेर्न जाँदा आमाको मृत्यु भइसकेको रहेछ । (काजक्रिया पछि खेतमा धात ढलेको जति लठिले उठाएर आउनु भनी बाठाले लाटालाई सिकाएर पठाएछ । धान भर्खर पसाएर लहलह झुलेको रहेछ । धान उठाएर आउनु भनेको लट्ठीले धान हानेर भुइभरी गराएर आएछ । आमाको मृत्युपछि भाइको हेर चाह गर्ने कोही भएन विहे गर्नुपर्‍यो भनी दाजुले विवाह गर्‍यो । देवरको स्याहारसुसार गर्ने गरिछन् । भाउजु साउन बार्न भनी माइत गएकी रहिछन् गएको पन्ध्र दिनपछि भाउजू लिन जान्छु भनी दाइसँग भनी गएछ । जाँदा जङ्गलमा काफल र केरा पाकेका रहेछन् खाँदै गएछ । फर्केर आउँदा काफल टिप्पन भाउजुलाई रुख चढाएर फेद काटी भाउजू पनि मारेछ । यस्तो अवस्था सहन नसकी लाटोलाई घरमै छोडेर सहरतिर पसलगर्न भनी हिडेछ । दाइले गरेको देखेर घरतिर सबै बेची घर छोडेर लाटो पनि सहर तिर दाइको पसल नजिक आफू पसल गर्न लाग्यो । पछि दुई भाइले सँगै गर्नुपर्‍यो भनी भाइलाई मिसाएछ । त्यहाँ पनि कुकुरको मासु काटी अरु मासुमा मिसाइ बेचेर दाइलाई समेत बदनामी बनाएछ । त्यो सब गाउँका ग्राहक र घरभेटीले थाहा पाइ घरबाट निकालेछन् । घरबाट निस्केर हिडेछन् बाटोमा हिड्दा हिड्दै साँझ परेछ । एउटा घरमा गएर बासा मागेछन् । त्यहाँ एउटा बन्चरो लाटाले देखेछ बन्चरोले आफैलाई आफै हानी मरेछ । पछि ऊ एक्लो भयो । आफ्नो घर खोज्दै जाँदा सबै भाइले बेचेको थाहा पायो । उसलाई खान लाउननी दुःख भयो चोर डाका भने कसैले सहयोग गरेनन् । एकदिन धेरै प्यास लाग्दा घर नजिकैको जङ्गलको कुवामा पानी खान लाग्दा पछाडिबाट बाघले झम्टेर मरेछ यसरी

लाटो र बाठोको परिवारको समाप्त भएको कुरालाई यस कथाले प्रष्ट्याएको छ । यस कथाले सामाजिक र काल्पनिक घटनालाई प्रस्तुत गरेको छ । यस कथाको आरम्भ लाटोले आमालाई नुहाइदिने सन्दर्भबाट सुरु भएको छ भने बाठोले विवाह गर्नु, भाउजुलाई माइती लिन पठाउनु, भाउजुको बाटोमा नै मृत्यु हुनु, बाठोले घर छोडेर हिड्नु कथाको चरम उत्कर्ष हो भने लाटाको मृत्यु हुनु, घर सम्पत्ति बेचेको थाहा पाउनु, छिमेकी कसैले सहयोग नगर्नु, बाठोको मृत्यु हुनु कथाको अन्तिम अवस्था हो ।

(२) **चरित्र वा पात्र**

प्रस्तुत लोककथामा लाटो, बाठो, आमा, भाउजू, छिमेकीहरू, भाउजूको माइती जस्ता पात्रहरूको सहभागिता गराइएको छ भने अमानवीय पात्रका रूपमा बाघ रहेको छ । लाटो र बाठो यस कथाको मुख्य पात्र हुन् । आमा र भाउजू सहायक पात्र हुन् भने छिमेकीहरू भाउजूको माइती गौण पात्र हुन् । लाटाले कुरा नबुझ्दा स-परिवारका सदस्यहरूको दुःखद अन्त्य हुन पुगेको छ । यो कथा अन्त्यमा वियोगान्त र दननीय बन्न पुगेको छ । यस कथाका पात्रको कथानक अनुसारका पात्रहरूको प्रयोग भएको छ ।यस कथामा लाटाको कारण आमा र भाउजूले ज्यान गुमाउनु परेको छ भने बाठाले आ०नो इज्जत धनसम्पति गुमाइ मृत्युको मुखमा पुग्नु परेको छ । यी चरित्रका माध्यमबाट कथामा रोचकता प्रदान गर्नुका साथै कथालाई आदि, मध्य र अन्त्यको रूपमा पुऱ्याउन सहयोग पुगेको छ ।

(३) **परिवेश**

लाटो र बाठो लोककथा गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका क्षेत्रमा प्रचलित लोककथा हो । यो कथा ग्रामीण परिवेशमा रचित गरिएको छ । यस कथाका पात्रहरू अशिक्षित वर्गका रहेको पाइन्छ । तीन जनाको छोटो परिवार रहेको देखाइएको छ । लाटोको कारण आमा रश्रीमतीले ज्यान गुमाएको वियोगान्त परिवेश रहेको छ । लाटोको कारण बाठाले समाजबाट अपहेलित र तिरस्कृत बन्नु परेको अत्यन्त दयनीय परिवेशलाई देखाइएको छ ।

(४) **उद्देश्य**

लाटो र बाठो कथाको मूल उद्देश्य लोक मनोरञ्जन प्रदान गर्नु र सामाजिक चेतना जगाउनु हो । लौकिक घटनाले आनन्द र भय सृजना गराएको छ । यसबाट प्राप्त नतिजाले अविवेक र अबुझ हुँदा अनायस सबै परिवारको अन्त्य हुनुपर्ने अनेक वाधा व्यवधानको सामना गर्नुपर्दछ भन्ने कुरालाई प्रस्ट्याएको छ । त्यसकारण बुद्दि पुऱ्याएर दुर्घटना हुनबाट बच्नु पर्ने सन्देश दिएको छ ।

## (५) भाषाशैली

वर्णनात्मक रोचक शैलीको प्रयोगका साथै सरल तथा सहज र स्थानीय भाषिकाको प्रस्तुती कथामा गरिएको छ । कथामा लोककथात्मक भाषा धेरै वर्ष पहिलेको कुरा हो । यसका साथै ग्रामीण जनजीवनलाई झल्काउने खालका भाषाशैलीको प्रयोग पनि कथामा भएका छन् । सरल, सहज र कौतुहलतापूर्णसभ्यताको प्रयोग कथाको भाषागत विशेषता हो भने रोचक वर्णनात्मक प्रस्तुति कथाको शैली हो ।

## (६) निष्कर्ष

लाटो र बाठो कथा लौकिक कथा हो । यस कथामा लाटो र बाठो मुख्य पात्रका रूपमा रहेका छन् भने लाटो बाठोकी आमा, बाठोको श्रीमती सहायक पात्र हुन् । छिमेकी, घरवेटी, ग्राहक गौण पात्र हुन् । यो कथा ग्रामीण परिवेशलाई समावेश गरी रचना गरिएको कथा हो । यस कथा लाटोको बुझाइ र अन्जानपनले कसरी घरपरिवारले समस्या भोग्नुपर्दछ भन्ने कुरालाई देखाइएको छ । यस कथाको मुख्य उद्देश्य व्यक्तिको यथार्थ जानकारी भइसकेपछि पनि पुनः उही कार्य दोहोऱ्याउन नहुने भन्ने रहेको छ । यो कथा तृतीय पुरुष दृष्टिविन्दुमा रचना गरिएको रैखिक ढाँचामा रहेको छ । अपरिपक्वपनले अकालमा ज्यान गुमाउनु परेको कुरालाई सरल सहज भाषाका माध्यमबाट देखाइएको छ ।

# पाँचौ परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

नेपालको पाँच विकास क्षेत्रमध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने लुम्बिनी अञ्चलका छ जिल्लामध्ये प्रदेश नं. ५ मा पर्ने एक जिल्ला हो । यो जिल्ला लोक साहित्यले भरिपूर्ण भएको जिल्ला हो । यहाँ लोकगीत, लोकथा, लोकगाथा, लोकनाटकहरू लोकोक्ति लगायतका थुप्रै सामग्रीहरूमध्ये गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका चार क्षेत्रमा प्रचलित लोककथाहरूलाई सङ्कलन वर्गीकरण र विश्लेषण गरी प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ । यसअध्ययनपत्रको पहिलो परिच्छेदअध्ययन परिचयका रूपमा रहेको छ । यसमा अध्ययनको परिचय, समस्या कथन, अध्ययनको उद्देश्य पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन विधि र अध्ययनपत्रको रूपरेखालाई प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका चारको परिचय, जिल्लाको नामाकरण तथा ऐतिहासिक पृष्ठभूमि, भौगोलिक विभाजन, राजनीतिक एवम् प्रशासनिक विभाजन, पूर्वधारको निर्माणको अवस्था, स्वास्थ्य, स्वास्थ्य सेवाको अवस्था, गैरसरकारी संरचनाको विवरण, सञ्चार सेवाको अवस्था, आदिका विषयमा सैद्धान्तिक पृष्ठभूमि प्रस्तुत गरिएको छ ।

तेस्रो परिच्छेदमा गुल्मी जिल्लाको छत्रकोट गाउँपलिका चारको क्षेत्रमा प्रचलित नेपाली लोककथाहरू 'न ज्वाइँ, न पोइ, टुहुरी र सौतेनी आमाको कथा, सनुकेसरी भैया, बुढी बाँध्ने साङ्लो जस्ता लोककथाहरूको सङ्कलन गरिएको छ ।

चौथो परिच्छेदमा सङ्कलित लोककथाहरूको विश्लेषण गरिएको छ ।

पाँचौ परिच्छेदमा सारांश तथा निष्कर्ष सुझाव भावी शोद्यार्थीका लागि सुझाव र तालिका सूची समावेशी गरिएको छ ।

## ५.२ निष्कर्ष

लोककथा प्राचीन समयदेखि प्रचलित मौखिक रूपले एक व्यक्ति, समाज, राष्ट्रबाट अर्को व्यक्ति, समाज, राष्ट्रमा हस्तान्तरित हुँदै आएका कथालाई लोककथा भनिन्छ । लोककथा लोक जीवनको एउटा सिङ्गो संरचना भएकाले यो विभिन्न तत्वहरूको योगबाट निर्माण भएको हुन्छ । यस्ता तत्वहरूमा कथानक, पात्र, परिवेश, उद्देश्य, भाषाशैली पर्दछन् ।

यस अध्ययनपत्रमा यिनै तत्वहरूलाई आधार मानेर सङ्कलित लोककथाको विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनपत्र गुल्मी जिल्लाको दिगाम छत्रकोट चार क्षेत्रमा प्रचलित लोककथा सङ्कलन गरी विश्लेषण गरिएको छ । लोककथाहरूमा त्यहाँको स्थानीय लोकधारणा, धार्मिक, विश्वास, सामाजिक, सांस्कृतिक परिवेश, भाषिक स्थिति आदिको चित्रण पाइन्छ । सङ्कलित लोककथाहरू सामाजिक, पौराणिक र ऐतिहासिक, उपदेशात्मक रहेका छन् । तर प्रायजसो सामाजिक लोककथाहरू रहेका छन् । उद्देश्यका दृष्टिकोणबाट हेर्दा यी लोककथाहरू प्राय मनोरञ्जन प्रदान गर्ने र नैतिक शिक्षा दिने खालका रहेका छन् । प्रस्तुत शोधको मुख्य निष्कर्षलाई बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

गुल्मी जिल्लाको दिगाम छत्रकोट गाउँपालिका चार क्षेत्रमा प्रचलित विभिन्न लोककथाहरूमध्ये सङ्कलित लोककथाहरूलाई वर्गीकरण हेर्दा मूलतः सामाजिक तथा उपदेशात्मक प्रकृतिका लोककथाकोरूपमा आएका छन् । लोककथामा मूलतः नेपाली, सामाजिक रीति स्थिति, परम्पराका सामाजिक मूल्य मान्यता झल्कने खालका विषयवस्तुको प्रयोग भएको देखिन्छ ।

कथानकककारूपमा विश्लेषित ५ लोककथाका समष्टीमा ग्रामीण भेगका जनजीवन र मूल्य मान्यताका साथै लोकविश्वाससँग सम्बन्धित घटना क्रमहरू मुख्य आएका छन् । यी विषयवस्तुले जीवन र जगतका आदिम विश्वासहरूलाई जगाउने काम गरेका छन् । त्यसका साथै ग्रामीण परिचय, याचना, सरसहयोग जस्ता मानवीय प्रवृत्तिलाई पनि विषयवस्तुका रूपमा कथामा उठान गरिएको छ ।

चरित्र वा पात्रका हिसाबले व्याख्या विश्लोाण गरी हेर्दा लोककथाभित्र मानवीय तथा मानवेतर पात्रको प्रयोग गरिएको छ । मानवीय पात्रका पनि प्रतिकुल अनिकुल पात्र रहेका छन् । कथावस्तुलाई पूर्णता दिन र घटनालाई रहस्यात्मक, सन्देशमूलक, नैतिक शिक्षा, मनोरञ्जनात्मक र उपदेशात्मक बनाउन पात्रको महत्वपूर्ण भूमिका रहेको छ ।

परिवेश विधानका दृष्टिले समग्र लोककथामा मूलतः ग्रामीण परिवेश आएको छ । गाउँका घरहरू, नदीनाला, पहाड, खोल्सा खोल्सा, वनजङ्गल, मन्दिर, बाखा खोर आदि दृश्यसँगै कथावस्तु अगाडि बढेको छ । यसले ग्रामीण परिवेशको सङ्केत गर्दछ ।

उद्देश्यका दृष्टिले विश्लेषित ५ लोककथामा मुख्य उद्देश्य लोकजनजीवनका बासिन्दाहरूलाई मनोरञ्जन प्रदान गर्नुका साथै नैतिक शिक्षा प्रदान गर्नु रहेको छ ।

लोकतत्वका रूपमा लोककला रीतिरिवाज तथा प्रथाहरू, लोक साहित्य र लोक विश्वास आएका छन् ।

भाषाशैलीका दृष्टिले लोककथामा मूलतः ग्रामीण जनजीवनका कथ्य बोलीलाई समेट्ने अति सरल र सहज भाषा र वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । केही स्थानीय शब्दको साथै थुप्रै मानक शब्दको पनि लोककथामा प्रयोग गरिएको छ ।

यस अध्ययनपत्रलाई पाँच परिच्छेदमा विभाजन गरी गुल्मी जिल्ला दिगाम छत्रकोट चारमा प्रचलित कथाहरूको तत्वगत विश्लेषण, गुल्मी जिल्ला दिगाम छत्रकोट चारको परिचय यो अध्ययन गर्दा आवश्यक विधिलाई अपनाइएको छ । गुल्मी दिगाम छत्रकोट गाउँपालिकामा पुगी त्यहाँ प्रचलित लोककथाहरू क्षेत्रगत भ्रमण गरी अध्ययन गरिएको छ ।

**तालिका नं. १ : कथा वाचकको नामावली**

| कथाको शीर्षक | नाम/थर | ठेगाना | उमेर (वर्ष) |
|---|---|---|---|
| न, भाइ नपोइ, | रोमलाल पन्त | गुल्मी दिगाम, छत्रकोट, गाउँपालिका -४ | ५५ |
| टुहुरी र सौतेनी आमाको कथा | गंगा कडेल | गुल्मी दिगाम, छत्रकोट, गाउँपालिका -४ | ६५ |
| बुढी बाँध्ने साङ्लो | मानकुमारी कडेल | गुल्मी दिगाम, छत्रकोट, गाउँपालिका -४ | ६९ |
| सुनेकसरी मैयाँ | नमकला पन्त | गुल्मी दिगाम, छत्रकोट, गाउँपालिका -४ | ५५ |
| लाटो र बाठो | महिमा कडेल | गुल्मी दिगाम, छत्रकोट, गाउँपालिका -४ | ३५ |

# सन्दर्भ सामग्रीसूची


बन्धु, चूडामणि (२०६६), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता प्रकाशन ।

Website

https://en.wikipedia.org/wiki/Gulmi_District